# यूहन्नालाई भएको प्रकाश

### यूहन्ना यस पुस्तकको विषयमा भन्छन्

**१** यो येशू ख्रीष्टको अभिव्यक्ति हो। परमेश्वरले येशूलाई
यी कुराहरू, अब चाँड़ै जे घट्नेवाला छ सो उनका
सेवकहरूलाई दर्शाउनका निम्ति, प्रदान गरे। ख्रीष्टले
आफ्ना सेवक यूहन्नालाई यी कुराहरू दर्शाउनका निम्ति
आफ्ना स्वर्गदूत पठाउनु भयो। २यूहन्नाले आफूले देखेका
कुरा भने। यही सत्य हो कि येशू ख्रीष्टले तिनलाई
भन्नु भयो अनि यो परमेश्वरको सन्देश हो। ३त्यो
व्यक्ति धन्य हो जसले यो पढ़िरहेको छ अनि तिनीहरू
धन्य हुन जो यी अगमवाणीको शब्दहरू सुन्दछन् र यही
अनुसार कामहरू गरिरहेका छन्। किनभने धेरै समय
बाँकी छैन।

### यूहन्ना येशूका सन्देशहरू मण्डलीहरूलाई लेख्छन्

४यूहन्नाबाट,
एशिया प्रान्तका सात ओटा मण्डलीहरू प्रति:
अनुग्रह अनि शान्ति रहोस् तिमीहरूलाई उनी उहाँद्वारा
जो अहिले छन्, जो सदैव थिए, अनि जो आउँदैछन्,
अनि उहाँको सिँहासन अघिका सात आत्माहरूद्वारा
५अनि विश्वासी साक्षी येशू ख्रीष्टद्वारा। मृत्युबाट बौराइएका
उहाँ पहिलो हुनुहुन्छ। येशू पृथ्वीका राजाहरूका शासक
हुनुहुन्छ।
येशू नै एकजना हुनुहुन्छ जसले हामीलाई प्रेम गर्नु
हुन्छ र हाम्रो पापबाट आफ्नो रगतले स्वतन्त्र तुल्याउनु
भयो। ६येशूले हामीलाई एउटा राज्यमा परिणत गर्नु
भयो। उहाँले आफ्नो पिताको सेवाको लागि हामीलाई
पूजाहारीहरू बनाउनु भयो। सदाको निम्ति येशूमा महिमा
अनि शक्ति रहिरहोस्। आमिन।
७हेर, येशू मेघहरूमा आँउदै हुनुहुन्छ। उहाँलाई सबै
मानिसहरूले, ती मानिसहरू जसले उनलाई घोंचेका थिए
तिनीहरूले पनि देख्नेछन्। उहाँको कारणले पृथ्वीका
सम्पूर्ण मानिसहरू जोड़ले कराउनेछन्। यो सत्य हो, यो
घट्ने छ। आमिन।
८प्रभु परमेश्वर भन्नुहुन्छ, "म अल्फा अनि ओमेगा*
हुँ। म नै एक हूँ जो अहिले छ, जो सदैव थियो अनि
जो आउँदै हुनुहुन्छ। म सर्व शक्तिमान हुँ।"
९म यूहन्ना हुँ अनि म तिमीहरूको भाइ जो
कष्टमा, राज्यमा अनि धैर्यपूर्वकको सहनशीलतामा
सहभागिता गर्छ। म पत्मोस टापूमा थिएँ किनभने म
परमेश्वरको सन्देश अनि येशूको सत्य प्रति विश्वासी
थिँए। १०परमप्रभुको दिनमा आत्माले मलाई अधिकारमा
लियो। मैले मेरो पछि एक ठूलो आवाज सुने। त्यो
तुरहीको आवाज जस्तो सुनियो। ११त्यो आवाजले भन्यो,
"तिमीले जे देख्नेछौ एउटा पुस्तकमा लेख अनि त्यसलाई
सात मण्डलीहरूमा: एफिसस, स्मर्ना, पर्गामम, थिआटायरा,
सार्डिस, फिलाडेल्फिया अनि लाओडिसियामा यो पत्र
पठाऊ।"
१२को हो जो मसित बात गर्दैछ भनी हेर्न म पछि
फर्के। जब म फर्किएँ, मैले सुनका सातवटा दीप-दानी
देखे। १३मैले ती दीप-दानी माझमा कसैलाई देखें जो
"मानिसको पुत्र" जस्तै थिए। तिनी खुट्टा छुने एक लामो
पोशाक लगाइरहेका थिए। तिनको छाती वरिपरि सुनौलो
पेटी बाँधिएको थियो। १४तिनको शिर अनि केश हिउँको
ऊन जस्तो सेतो थियो। तिनका आँखा आगोको ज्वाला
जस्तो थियो। १५तिनका पाउहरू भट्टीमा चम्किरहेको
काँसा जस्तो थियो। तिनको आवाज बाढ़ी आएको
समयको छालको जस्तो थियो। १६तिनको हातमा सातवटा
ताराहरू थिए। एउटा दुई पट्टि धार भएको लाग्ने तरवार
तिनको मुखबाट निस्कियो। तिनको अनुहार सर्वाधिक
चम्किलो हुने समयमा चम्केको सूर्य जस्तै देखिन्थ्यो।
१७जब मैले उहाँलाई देखें, म एक मरेको व्यक्ति जस्तै

---

**अल्फा, ओमेगा** ग्रीक वर्णमालाको पहिलो अनि अन्तिम अक्षरहरू जसको अर्थ शुरु अनि अन्त।

तिनको गोड़ामा परें। उहाँले आफ्नो दाहिने हात ममा
राखे अनि भने, “भयभीत नहोऊ। म आदि अनि अन्त
हुँ। १८म नै एक हुँ जो बाँचेको छ। डर छेरूवा नबन।
म नै आदि अनि अन्त हुँ। एक जो जीवित छ म नै हुँ।
म मरेको थिए। तर हेर, म सदा-सर्वदाको लागि जीवित
छु। अनि मसँग मृत्यु र पातालको साँचो छ। १९यसर्थ
तिमीले जो देख्यौ लेख। ती लेख जो भइरहेको छ,
अनि जो पछि भविष्यमा के हुनेवाला छ।

२०तिमीले मेरो दाहिने हातमा देखेका सातवटा ताराहरू
अनि तिमीले देखेका सातवटा सुनौलो दीप-दानीहरूको
गुप्त अर्थ यस्तो छ। ती सातवटा दीप-दानीहरू सातवटा
मण्डलीहरू हुन्। ती सातवटा ताराहरू सातवटा मण्डलीका
स्वर्गदूतहरू हुन्।

### एफिससको मण्डलीलाई येशूको पत्र

२ “एफिससको मण्डलीका स्वर्गदूतलाई यो लेख:
“तिनी जसले आफ्नो दाहिने हातमा सातवटा ताराहरू
लिएका छन् अनि सातवटा सुनौलो दीप-दानी माझ
हिँड्छन्, तिमीहरूलाई यी कुराहरू भनिरहेका छन्।
२मलाई तिमीहरूको कार्य, कठीन परिश्रम र धैर्य थाहा
छ अनि थाहा छ कि तिमीहरूलाई दुष्ट मानिसहरू
सहन असम्भव हुन्छ। तिमीहरूले तिनीहरूलाई जो आफै
प्रेरितहरू हौं भन्ने दावी गर्छन, जाँचेका छौ। तिमीहरूले
तिनीहरूलाई भूटो पायौ। ३तिमीहरूले लगातार कोशिश
गरिरह्यौ। तिमीहरूले मेरो नाउँका निम्ति दु:ख-कष्ट
सह्यौ अनि तिमीहरू यसो गर्नमा थकित भएनौ।

४“तर तिमीहरूको विरुद्ध मेरो यस्तो कुरो छ:
तिमीहरूसित शुरूमा भएको प्रेम तिमीहरूले त्यागेका
छौ। ५यसर्थ याद राख, तिमीहरूको पतन हुन अघि
तिमीहरू कहाँ थियौ। तिमीहरूको हृदय परिवर्त्तन गर
अनि तिमीहरूले पहिला गरेका कुराहरू गर। यदि
तिमीहरू परिवर्त्तन भएनौ भने, म तिमीहरू कहाँ आउनेछु।
म दीप-दानी त्यसको स्थानबाट हटाउनेछु। ६तर तिमीहरूको
पक्षमा केही छ, तिमीहरू निकोलाइहरूले* गरेका कुरा
तिरस्कार गर्छौ। तिनीहरूले जे गर्छन् त्यो म पनि घृणा
गर्छु।

७उ जसले सुन्छ आत्माले के भन्छ मण्डलीहरूले
सुन्नु पर्छ। त्यो व्यक्ति जसले विजय प्राप्त गर्छ, म
उसलाई जीवनरूपी रूखको फल खाने अधिकार दिन्छु।
यो रूख परमेश्वरको बगैचामा छ।

### स्मर्नाको मण्डलीलाई येशूको पत्र

८“स्मर्नाको मण्डलीका स्वर्गदूतलाई यो लेख:
“तिनी एक जो आदि अनि अन्त हुन् तिमीहरूलाई
यो कुरा भन्दैछन्। उनी नै एक हुन जो मरे अनि फेरि
मृत्युबाट जीवनमा फर्की आए। ९मलाई तिमीहरूको
कष्ट थाहा छ। अनि मलाई थाहा छ कि तिमीहरू
निर्धन छौ। तर वास्तवमा तिमीहरू धनवान छौ। कोही
मानिसहरूले तिमीहरूको विरोधमा भनेको नराम्रा कुराहरू
मलाई थाहा छ। तिनीहरू दावी गर्छन कि तिनीहरू
यहूदीहरू हुन्। तर तिनीहरू साँचो यहूदीहरू होइनन्।
तिनीहरू शैतानको सभाघर हुन्। १०तिमीहरूले पाउने
कष्टहरूमा भयभीत नबन। म तिमीहरूलाई भन्दछु,
शैतानले तिमीहरू मध्ये कसैलाई कैदखानामा परीक्षा
लिनको निम्ति हाल्नेछ। तिमीहरूले दशै दिनसम्म यातना
भोग्नेछौ। तिमीहरूले जीवनको मूल्य चुकाउनु परे पनि
विश्वासी भई रहनू। यदि तिमीहरू विश्वासी रह्यौ भने,
म तिमीहरूलाई जीवनको मुकुट प्रदान गर्नेछु।

११“जसले सुन्न सक्छ मण्डलीहरूलाई आत्माले के
भनिरहेको छ, सुन्नु पर्छ। जसले विजय प्राप्त गर्छ
उसलाई दोस्रो मृत्युले चोट पुऱ्याउने छैन।

### पर्गामिमको मण्डलीलाई येशूको पत्र

१२“पर्गामिमको मण्डलीका स्वर्गदूतलाई यो लेख:
“जोसित लाग्ने दुइधारे तरवार छ, तिमीहरूलाई यी
कुराहरू भनिरहेछन्। १३मलाई थाहा छ तिमीहरू कहाँ
बस्छौ। तिमीहरू त्यहाँ बस्छौ जहाँ शैतानको आफ्नो
सिंहासन छ। तर तिमीहरू म प्रति विश्वासी छौ।
तिमीहरूले एन्टिपासको समयमा पनि म प्रतिको विश्वास
बारे भन्न अस्वीकार गरेनौ। एन्टिपास मेरा विश्वासी
साक्षी थिए जसलाई तिमीहरूको नगरमा मारियो। तिमीहरूको
नगर त्यही हो जहाँ शैतान बस्छ।

१४“तर तिमीहरू विरुद्ध मेरो केही कुराहरू छ:
तिमीहरूको समुदायमा केही मानिसहरू छन् जो बालामको
शिक्षा पालन गर्छन्। इस्राएलका मानिसहरूलाई मूर्ति
अघि चढ़ाइएका बलि खानु र यौन पाप गर्नु प्रलोभित
पार्नु बालामले बालकलाई सिकाए। १५तिमीहरूको
सम्प्रदायमा पनि यस्तै छ। तिमीहरूमाभ निकोलाइटन्सको

---

**निकोलाइहरू** भूल धारणा पल्याउने धार्मिक समूह।

शिक्षा अनुशरण गर्ने मानिसहरू छन्। १६यसर्थ तिमीहरूको हृदय परिवर्त्तन गर। यदि तिमीहरू परिवर्त्तन भएनौ भने, मेरो मुखबाट निस्कने तरवार लिएर ती मानिसहरूसँग लड्न म चाँड़ै तिमीहरू भएकोमा आउनेछु।

१७"जसले सुन्नु सक्छ मण्डलीहरूलाई आत्माले के भन्दैछ सुन्नु पर्छ।

"म त्यस विजयलाई प्राप्त गर्ने हरेक व्यक्तिलाई लुकाई राखेको मन्ना दिनेछु। म त्यस व्यक्तिलाई सेतो पत्थर पनि दिनेछु। यो पत्थरमा नयाँ नाउँ लेखिएको छ। त्यो व्यक्तिले जसले मात्र त्यो पत्थर पाउँछ, त्यो नयाँ नाम जान्नेछ।

## थिआटीराको मण्डलीलाई येशूको पत्र

१८"थिआटीराको मण्डलीका स्वर्गदूतलाई यो लेख:

"परमेश्वरका पुत्रले यी कुराहरू भनिरहेका छन्। उनी नै एक हुन जसको आँखा आगो जस्तै जल्दैछ अनि पाउ चम्किलो काँसा जस्ता छन्। उनले तिमीहरूलाई जे भन्छन्, त्यो यस्तो छ: १९तिमीहरूले के गरेका छौ मलाई थाहा छ। म तिमीहरूको प्रेम, विश्वास, सेवा अनि धीरजको बारेमा जान्दछु। मलाई थाहा छ तिमीहरूले अहिले शुरूमा जे गरेका थियौ त्यो भन्दा अधिक गर्दैछौ। २०तर तिमीहरू विरुद्ध मेरो यस्तो छ: तिमीहरूले जिजेबेल नाउँकी स्त्रीलाई उसले चाहेको कुरा गर्न दियौ। उसले दावी गर्छे कि उ एक अगमवक्ता हो। तर उसले मेरा मानिसहरूलाई आफ्ना शिक्षाद्वारा टाढ़ा लगिरहेकी छे। जिजेबेलले मेरा मानिसहरूलाई यौन पाप गर्न अनि मूर्तिहरू अघि अर्पण गरेको खाद्य पदार्थ खान अग्रसर पारिरहेकी छे। २१मैले उसलाई आफ्नो हृदय परिवर्त्तन गर्ने अनि आफ्नो पापदेखि मुक्त हुने मौका दिएको छु। तर उ परिवर्त्तन हुन चाहँदिन। २२अनि, यसर्थ म उसलाई यातना शैय्यामा राख्ने छु। अनि सबै मानिसहरू, जो उसित यौन पाप गर्छन, तिमीहरूले साह्रै कष्ट भोग्नेछन् यदि उसको दुष्ट जीवन शैली अनुसरण गर्न नछोड़े। २३म उसको अनुयायीहरूलाई पनि मार्ने छु। अनि सबै मण्डलीहरूले, म नै एक हुँ जसले मानिसहरूका मन औ हृदय जान्दछ। अनि म तिमीहरूको कर्म अनुसार जे दाम पाउँछौ, दिनेछु।

२४"तर थिआटीराका तिमीहरू जस्ता अन्य मानिसहरूले उसको शिक्षा स्वीकार गरेका छैनन्। तिमीहरूले ती कुराहरू जानेका छैनौ जुन तिनीहरू शैतानको गहन रहस्य भनी दावी गर्छन। म तिमीहरूलाई जे भन्छु त्यो यो हो: म तिमीहरू माथि अरू भारी लदाउने छैन। २५म नआए सम्म तिमीहरू यही तरीकामा बस।

२६"जसले विजय प्राप्त गर्छ अनि अन्तिम सम्म मैले चाहेका कुराहरू गरिरहन्छ म ती प्रत्येक त्यसलाई राष्ट्रहरूमाथि अधिकार दिनेछु:

२७ 'उसले तिनीहरूमाथि अत्यन्तै कड़ा शासन
चलाउनेछ। उसले त्यसलाई फुटेको माटाका
भाँड़ाहरू जस्तै टुक्रा पार्नेछ।'

*भजनसंग्रह २:९*

२८जस्तो मैले मेरा पिताबाट अधिकार पाएँ, म त्यस व्यक्तिलाई दिनेछु, म त्यस व्यक्तिलाई प्रात: तारा पनि दिनेछु। २९हरेक व्यक्ति जसले यी कुराहरू सुन्छ मण्डलीहरूलाई आत्माले जे भन्छ त्यो पनि सुन्नु पर्छ।

## सार्डिसको मण्डलीलाई येशूको पत्र

३ १"सार्डिसको मण्डलीका स्वर्गदूतलाई यो लेख:

"उनी जसकोमा सात आत्माहरू अनि सात ताराहरू छन् तिमीहरूलाई यस्तो भनिरहेका छन्: तिमीहरूले गर्दै गरेका कुरा मलाई थाहा छ। मानिसहरूले भन्दछन् कि तिमीहरू जीवित छौ। तर वास्तवमा तिमीहरू मृत हौ। २उठ! जब तिमीहरूसित केही शेष छ, सम्पूर्ण रूपले मर्न भन्दा स्वयंलाई बलियो तुल्याऊ। मैले यो थाहा पाएँ कि तिमीहरूको कार्यहरू परमेश्वरले इच्छा गरे झैं भएन। ३यसर्थ तिमीहरूले जे प्राप्त गरेका छौ अनि जुन तरिकाले सुन्यौ त्यो याद राख त्यसको पालन गर। तिमीहरूको हृदय अनि जीवनलाई परिवर्त्तन गर। तिमीहरू व्यूँझी उठनै पर्छ नत्र म तिमीहरूकहाँ आउने छु अनि चोरले जस्तै आश्चर्य चकित तुल्याउने छु। म कहिले आउने छु त्यो तिमीहरूले थाहा पाउने छैनौं। ४तर सार्डिसको तिमीहरूसित तिमीहरूको समूहमा कोही मानिसहरू छन् जसले तिनीहरू स्वयंलाई स्वच्छ राखेका छन्। ती मानिसहरू मसित हिँड़नेछन्। तिनीहरूले सेतो बस्त्र पहिरिने छन् किनभने तिनीहरू त्यसको योग्य छन्। ५हरेक व्यक्ति जसले विजय प्राप्त गर्छ, यी मानिसहरूले जस्तै सेतो बस्त्र लाउनेछ। म त्यस व्यक्तिको नाउँ जीवनको पुस्तकबाट हटाउने छैन। म दावी गर्नेछु कि उ

मेरो हो। म यो कुरा मेरा पिता अनि उनका स्वर्गदूतहरूको
समक्ष भन्नेछु। ६हरेक व्यक्ति जसले यी कुराहरू सुन्छ
आत्माले मण्डलीहरूलाई जे भनिरहेको छ उसले त्यो
सन्नुपर्छ।

### फिलाडेल्फियाको मण्डलीलाई येशूको पत्र

७"फिलाडेल्फियाको मण्डलीका स्वर्गदूतलाई यो लेख:
"उहाँ जो पवित्र अनि सत्य छन्, तिमीहरूलाई यी
कुराहरू भन्छन्। उनीसित दाऊदको चाबी छ। जब
उनले केही खोल्छन् कसैले त्यसलाई बन्द गर्न सक्तैन।
अनि यदि उहाँले केही बन्द गरे, कसैले खोल्न सक्तैन।
८मलाई तिमीहरूले गरेका कुराहरू थाहा छ। मैले
तिमीहरूको समक्ष ढोका खुला राखेको छु। कुनै
व्यक्तिले त्यसलाई बन्द गर्न सक्तैन। तिमीहरूको शक्ति
सीमित छ भनी मलाई थाहा छ। तर तिमीहरूले मेरो
उपदेश अनुशरण गरेका छौ। मेरो नाउँ उच्चारण गर्न
तिमीहरू डराएका थिएनौ। ९सुन, त्यहाँ एक सभाघर छ
जो शैतानको हो। तिनीहरू दावी गर्छन कि तिनीहरू
यहूदीहरू हुन् तर भूटो हो। तिनीहरू साँचो यहूदीहरू
होइनन्। म तिनीहरूलाई तिमीहरू समक्ष आउन अनि
तिमीहरूको अघि झुक्नु वाध्य गराउँछु। तब तिनीहरूले
थाहा पाउनेछन् कि मैले प्रेम गरेका मानिसहरू तिमीहरू
नै हौ। १०तिमीहरूले धैर्यपूर्वक मेरो आदेश अनुशरण
गऱ्यौ। यसर्थ म तिमीहरूलाई दु:ख कष्टको समयमा
रक्षा गर्नेछु जो सम्पूर्ण संसारको निम्ति आउनेछ। यो
दु:ख कष्टले पृथ्वीमा बस्ने मानिसहरूलाई जाँच गर्नेछ।
११"म चाँडै आउँदैछु। तिमीहरू अहिले कै स्थितिमा
बस। तब कुनै पनि व्यक्तिले तिमीहरूको मुकुट खोस्ने
छैन। १२व्यक्ति जसले विजय प्राप्त गर्छ उसलाई म मेरा
परमेश्वरको मन्दिरको स्तम्भ बनाउनेछु। त्यस व्यक्तिले
फेरि कहिल्यै पनि परमेश्वरको मन्दिर छोड्नु पर्नेछैन। म
मेरा परमेश्वरको नाउँ अनि मेरा परमेश्वरको नगरको
नाउँ त्यस व्यक्तिमा लेख्नेछु। त्यो नगर नयाँ येरूशलेम
हो जुन स्वर्गदिखि तल झरिरहेको छ। म मेरो नयाँ नाउँ
पनि त्यस व्यक्तिमा लेखिदिनेछु। १३त्यो व्यक्ति जसले यी
कुराहरू सुन्छन् मण्डलीहरूलाई आत्माले जे भनिरहेको
छ त्यो सुन्नु पर्छ।

### लाउडिसियाको मण्डलीलाई येशूको पत्र

१४"लाउडिसियाको मण्डलीका स्वर्गदूतलाई यो लेख:
"आमिन* एक हुन जसले तिमीहरूलाई यी कुराहरू
भनिरहेकाछन्। उनी विश्वासी अनि साँचो साक्षी हुन्।
उनी परमेश्वरको सम्पूर्ण सृष्टिका शासक हुन्। उनी
यसो भन्छन्: १५तिमीहरूले जे गर्छौ म जान्दछु। तिमीहरू
न तातो छौ वा न चिसो। म इच्छा गर्छु, तिमीहरू न
तातो होऊ न चिसो होऊ। १६तर तिमीहरू केवल
मन-तातो छौ, न तातो न चिसो। यसर्थ मेरो मुखबाट म
तिमीहरूलाई उगेल्न तयार छु। १७तिमीहरू दावी गर्छौ
तिमीहरू धनवान छौ। तिमीहरू सोच्छौ तिमीहरू सम्पत्तिवान
भयौ अनि केही कुरा चाहिँदैन। तर तिमीहरू जान्दैनौ
कि तिमीहरू वास्तवमा भयानक, दयनीय, गरीब, अन्धा
अनि नग्न छौ। १८म तिमीहरूलाई आगोमा शुद्ध
पारिएको सुन मेरोबाट किन्ने सल्लाह दिन्छु। तब
तिमीहरू साँच्चै धनवान हुन सक्ने छौ। म तिमीहरूलाई
यो भन्दैछु। तिमीहरूको लज्जास्पद औ नग्नता ढाक्नु
सेतो बस्त्र मबाट किन, अनि आँखामा लाउने औषधि
किन। तब तिमीहरू साँच्चै देख्न सक्नेछौ।
१९"जसलाई म प्रेम गर्छु म सच्याउँछु अनि अनुशासित
पार्छु तिनीहरूलाई यसर्थ सके सम्म चेष्टा गर। तिमीहरूको
हृदय अनि जीवनलाई परिवर्त्तन गर। २०म यहाँ छु! म
ढोकामा उभिन्छु अनि ढकढकाउँछु। यदि कुनै व्यक्तिले
मेरो स्वर सुन्छ अनि ढोका खोल्छ, भने म भित्र पस्नेछु
अनि म तिनीसँग भोजन गर्नेछु। अनि उसले मसित
भोजन गर्नेछ।
२१"म हरेक व्यक्तिलाई, जसले विजय प्राप्त गर्छ,
मेरो सिँहासनमा मसित बस्न अधिकार दिनेछु। त्यसरी
मैले विजय प्राप्त गरे अनि मेरो उनीसित उनको
सिँहासनमा बसें। २२प्रत्येक व्यक्ति, जसले यी कुराहरू
सुन्छ, मण्डलीहरूलाई आत्माले जे भनिरहेछ, त्यो सुन्नु
पर्छ।"

### यूहन्नाले स्वर्ग देखे

४ तब मैले हेरें अनि मेरो अगाड़ी स्वर्गमा एउटा ढोका
खोलिएको थियो। अनि मैले त्यही आवाज सुनें जो
मैले अघि सुनेको थिएँ। त्यो आवाज तुरहीको आवाज
जस्तो थियो। त्यो स्वरले भन्यो, "यहाँ माथि आऊ,
अनि म तिमीलाई यसपछि के हुनु पर्छ त्यो देखाउने
छु।" २तब आत्माले मलाई नियन्त्रणमा लियो। स्वर्गमा

**आमिन** यहाँ येशूको नाम जस्तो प्रयोग गरिएको छ, यसको अर्थ केही सत्य छ भनी एकदमै मान्नु।

मेरो अघि एउटा सिँहासन थियो। त्यस सिँहासनमा कोही
बसिरहेको थियो। [3]उनी एक जो सिँहासनमा बसेका
थिए, मुल्यवान पत्थर-जास्पर अनि गोमेद जस्तै देखिन्थे।
सिँहासनको वरिपरि पन्ना जस्तै स्पष्ट रङ्ग सहितको
इन्द्र-धनुष थियो। [4]सिँहासनको वरिपरि चौबीसवटा अन्य
सिँहासनहरू थिए। ती चौबीस सिँहासनमा चौबीस जना
अग्रजहरू बसिरहेका थिए। ती अग्रजहरू सेतो लुगामा
थिए अनि तिनीहरूका शिरमा सुनको मुकुट थियो।
[5]सिँहासनबाट बिजुली चम्किरहेथ्यो अनि गड्याङ गुड्डुङको
आवाज आइरहेको थियो। सिँहासनको अधि सातवटा
दीप बलिरहेका थिए। ती दीपहरू परमेश्वरका सातवटा
आत्माहरू हुन्। [6]सिँहासनको अघि काँचका समुद्र झैं
केही थियो। त्यो स्फटिक जस्तै स्वच्छ थियो।

सिँहासनको सामुन्ने अनि प्रत्येक छेऊमा चारवटा
सजीव बस्तु थिए। ती सजीव बस्तुहरूका अघाड़ि,
पछाड़ि सम्पूर्ण शरीर भरी आँखाहरू थिए। [7]पहिलो
सजीव बस्तु सिँह जस्तै थियो। दोस्रो गाई जस्तै थियो।
तेस्रोको अनुहार मान्छेको अनुहार जस्तै थियो। चौथो
उड़िरहेको गरूड़ जस्तो थियो। [8]यी प्रत्येक चार सजीव
बस्तुहरूका छ: वटा पखेटाहरू थिए। यी सजीव
बस्तुहरूका शरीर भरी, भित्र अनि बाहिर आँखाहरूले
भरिएका थिए। तिनीहरू यसो भनिरहन दिन रात रोकिएनन्:

"पवित्र, पवित्र, परमप्रभु परमेश्वर पवित्र छन्,
सर्व शक्तिवान छन्। उनी सर्वदा थिए, उनी छन्
अनि उनी आउँदैछन्।"

[9]यी सजीव वस्तुहरूले त्यहाँ "एक" जो सिँहासनमा
थिए, तिनलाई महिमा, सम्मान अनि धन्यवाद अर्पण
गर्छन्। उनी एक छन् जो सदासर्वदा रही रहन्छन्। अनि
हरेक समय ती जीवित बस्तुहरू यसो गर्छन्, [10]ती
चौबीस जना अग्रजहरू उनी एक जो सिँहासनमा बस्छन्,
उनको अघि शिर झुकाउँछन्। जो सदा सर्वदा जीवित
रहन्छन्, अग्रजहरू उनलाई पूजा गर्छन्। अग्रजहरू
आफ्ना मुकुट सिँहासन मुनि राख्छन् अनि भन्छन्:

११ "हाम्रा परमप्रभु अनि परमेश्वर। तँपाईलाई महिमा,
सम्मान अनि शक्ति प्राप्त गर्न योग्य छौ।
तँपाईंले सबै बस्तुहरू सृष्टि गर्नु भयो। हरेक
बस्तुको अस्तित्व छ अनि ती सृष्टि भएका
छन्, किनभने तँपाईले यस्तो चहानु भएको
छ।"

**५** तब मैले जो सिंहासनमा विराजमान थिए तिनको
दाहिने हातमा एक मूठा बेह्रेको चर्म पत्र देखेँ। त्यो
बेह्रेको पत्रको दुवै पट्टि केही लेखिएको थियो। त्यो
बेह्रिएको पत्र सातवटा मोहरले बन्द गरिएको थियो।
[2]अनि मैले एक शक्तिशाली स्वर्गदूतलाई देखेँ। त्यो
स्वर्गदूतले ठूलो स्वरमा भन्यो, "यसको मोहर फुटाएर यो
बेह्रिएको चर्मपत्र खोल्नु योग्य को छ?" [3]तर स्वर्गमा
वा पृथ्वी वा पृथ्वी मुनि कोही पनि थिएन जसले त्यो
बेह्रिएको चर्म-पत्र खोल्न वा भित्र हेर्न सक्थ्यो। [4]म
साह्रै रोएँ किनभने त्यो बेह्रिएको चर्मपत्र खोल्ने वा हेर्ने
कोही थिएन। [5]तर अग्रजहरू मध्ये एक जनाले मलाई
भने, "नरोऊ! यहूदाका परिवार समूहबाट सिँहले विजय
प्राप्त गर्‍यो। उनी दाऊदका सन्तान हुन्। उनी त्यो
बेह्रिएको चर्मपत्र अनि त्यसका सातवटा मोहर खोल्न
उपयुक्त छन्।"

[6]तब मैले ती चार सजीव वस्तुहरू अग्रजहरूले
वरिपरि घेरिएको सिँहासनको अगाड़ी एउटा भेँडाको
पाठा उभिरहेका देखेँ। त्यो भेँड़ाको पाठा मारिएको
जस्तो देखिनथ्यो। त्यसको सातवटा सिङ्ग अनि सातवटा
आँखाहरू थिए, यी परमेश्वरका सात-आत्माहरू हुन् जो
संम्पूर्ण संसारमा पठाइएका थिए। [7]त्यो भेँड़ाको पाठो
आयो अनि जो सिँहासनमा बसिरहेका थिए तिनको
दाहिने हातबाट त्यो बेह्रिएको पत्र लियो। [8]जब भेड़ाको
पाठोले त्यो बेह्रिएको पत्र लियो ती चार सजीव पशुहरू
अनि चौबीस जना अग्रजहरूले भेँड़ाको पाठोको समक्ष
निहुरिए। तिनीहरू प्रत्येकसित वीणा अनि सुनौलो धूप-दानी
थियो। यी सुनौलो धूप पात्रहरू परमेश्वरका पवित्र-
मानिसहरूको प्रार्थना हुन्। [9]अनि तिनीहरू सबैले भेँड़ाको
पाठा प्रति एउटा नयाँ गीत गाए:

"तिमी त्यो बेह्रिएको चर्मपत्र लिन अनि त्यसको
मोहर खोल्न योग्य छौ, किनभने तिमी मारिएको
थियौ। अनि, तिम्रो रगतद्वारा तिमीले परमेश्वरका
निम्ति हरेक जाति, भाषा, मानिसका कूल अनि
राष्ट्रबाट मानिसहरूलाई किन्यौ।
१० यी मानिसहरूलाई तिमीले राज्यको रूप दियौ
अनि, तिमीले यी मानिसहरूलाई हाम्रा परमेश्वरका

निम्ति पूजाहारीहरू बनायौ। अनि तिनीहरूले
पृथ्वी माथि शासन गर्ने छन्।"

११तब मैले हेरे, अनि मैले थेरै स्वर्गदूतहरूको
आवाज सुनेँ। ती स्वर्गदूतहरू सिँहासनको, ती चार
सजीव वस्तुहरूको, अनि ती अग्रजहरूको वरिपरि थिए।
त्यहाँ हजारौं स्वर्गदूतहरू थिए-त्यहाँ दशहजार स्वर्गदूतहरू
थिए। १२ती स्वर्गदूतहरूले ठूलो स्वरमा भने:

"त्यो भेँड़ाको पाठा जसलाई मारियो, योग्यको
छ शक्ति, सम्पत्ति, ज्ञान अनि पराक्रम, सम्मान,
महिमा अनि प्रशंसा पाउन।"

१३तब मैले स्वर्गमा भएका, पृथ्वीमा भएका, पृथ्वी
मुनि भएका अनि सागरमा भएका हरेक सजीव वस्तुहरूबाट
भन्दै गरेको सुनेँ। मैले यी स्थानहरूका हरेक बस्तुबाट
सुने। मैले तिनीहरू सबैले यो भनेको सुनेँ:

"उहाँ एक, जो सिँहासनमा बसेकाछन्, उहाँ
अनि भेँड़ाको पाठा प्रति सम्पूर्ण स्तुति अनि
सम्मान अनि गौरव अनि शक्ति सदा सर्वदा
रहून्।"

१४ती चार सजीव वस्तुहरूले भने, "आमिन!" अनि
अग्रजहरूले घुँड़ा टेके अनि पूजा गरे।

६ तब, भेँड़ाको पाठाले सातवटा मोहर मध्ये पहिलो
मोहर खोलेको बेला मैले हेरेँ। मैले ती चार सजीव
वस्तुहरू मध्ये एक बस्तु गर्जन भएको जस्तै आवाजमा
बोलेको सुने, "आऊ"। २मैले देखेँ अनि त्यहाँ मेरो
अघि एउटा सेतो घोड़ा थियो। घोड़ सवारको धनु थियो।
घोड़ सवारलाई मुकुट प्रदान गरियो। अनि तिनी विजेता
झैं अझ विजय हासिल गर्न अघि बढ़े।

३भेँड़ाको पाठाले दोस्रो मोहर खोल्यो। तब मैले
दोस्रो सजीव वस्तुले "आऊ" भनेको सुनेँ। ४तब अर्को
घोड़ा बाहिर आयो। त्यो रातो घोड़ा थियो। त्यो घोड़
सवारलाई पृथ्वीदेखि शान्ति उठाएर लाने अनि
मानिसहरूलाई एक अर्कामा हत्या गराउने अधिकार
प्रदान गरियो। त्यस घोड़ सवारलाई एक विशाल तरवार
दिइयो।

५त्यो भेँड़ाको पाठाले तेस्रो मोहर खोल्यो। तब मैले
तेस्रो सजीव वस्तुले "आऊ" भनेको सुनेँ। मैले हेरे,
अनि त्यहाँ कालो घोड़ा थियो। घोड़ सवारले आफ्नो
हातमा एक जोर तराजु लिएको थियो। ६तब मैले केही
आवाज जस्तै सुनें। त्यो स्वर ती चार सजीव वस्तुहरू
भएको स्थानबाट आएको थियो। त्यो आवाजले भन्यो,
"एक दिनको परिश्रमिक एक किलो गहुँ अनि एक
दिनको परिश्रमिक तीन किलो जौ, तर तेल अनि
दाखरस नष्ट नपार्नु।"

७त्यो भेँड़ाको पाठाले चौथो मोहर खोल्यो। तब मैले
चौथो सजीव वस्तुले "आऊ" भनेको सुने। ८मैले हेरेँ
अनि त्यहाँ मेरो अघि पहेँलो रङ्गको घोड़ा थियो। त्यो
घोड़सवार मृत्यु थियो। उसको पछि पाताल लोकले
पछ्याइरहेथ्यो। तिनीहरूलाई एक-चौथाइ पृथ्वी-माथि र
तरवार, अकाल, महामारी अनि पृथ्वीका जङ्गली पशुहरूद्वारा
मानिसहरूलाई मार्ने अधिकार दिइएको थियो।

९त्यो भेँड़ाको पाठाले पाँचौं मोहर खोल्यो। तब मैले
वेदी मुनि केही आत्माहरू देखेँ। ती आत्माहरू ती
मारिएका मानिसहरूको थियो किनभने तिनीहरू परमेश्वरको
सन्देश अनि तिनीहरूले प्राप्त गरेका सत्य प्रति विश्वासी
थिए। १०यी आत्माहरूले ठूलो स्वरमा कराए, "पवित्र
अनि सत्य परमप्रभु, हाम्रो हत्या गरेकोमा पृथ्वीका
मानिसहरूको न्याय गर्नमा अनि उनीहरूलाई दण्ड दिनमा
कति लामो समय पर्खिरहनु हुन्छ?"

११त्यसपछि ती आत्माहरू प्रत्येकलाई सेतो पोशाक
दिइयो। तिनीहरूलाई अल्प समय प्रतीक्षा गर्नु भनियो।
तिनीहरूका अफ कोही भाईहरू जसलाई तिनीहरू जस्तै
मारिनु थियो ख्रीष्टका सेवामा तिनीहरूसित थिए। ती
आत्माहरूलाई यो मार्ने काम पुरा नभए सम्म प्रतीक्षा
गर्नु भनियो।

१२तब, त्यो भेँड़ाको पाठाले छैटौं मोहर खोल्यो।
त्यहाँ डरलाग्दो भूँईचालो गयो। सूर्य, केशले बनिएको
बस्त्र जस्तै कालो भयो। पूर्ण चन्द्रमा रगत जस्तै रातो
भयो। १३आकाशका ताराहरू, तेज हावाले नेभारोको
रूखबाट नेभाराहरू झरे जस्तै पृथ्वीमा फरे। १४आकाश
पत्र बेह्रिए झैं हरायो। अनि हरेक पर्वत अनि द्वीप
आफ्ना ठाँउबाट सरे।

१५तब समस्त मानिसहरू गुफाहरूमा अनि पर्वतका
चट्टानहरूमुनि लुके। त्यहाँ संसारका राजाहरू, शासकहरू,
सेनाध्यक्षहरू, धनवान मानिसहरू अनि शक्ति सम्पन्न
मानिसहरू थिए। हरेक व्यक्ति, दास अनि मुक्त सबैले
स्वयंलाई लुकाए। १६मानिसहरूले पर्वत अनि चट्टानहरूलाई

भने, "हामीमाथि खस। हामीलाई सिँहासनमा बस्ने तिनी एकबाट लुकाऊ। हामीलाई भेँड़ाको पाठाको क्रोधबाट बचाऊ। १७तिनीहरूको क्रोध दिवस आई पुग्यो अनि यसको विरुद्धमा को उभिन सक्छ?"

### इस्राएलका एकलाख चवालीस हजार मानिसहरू

७ यो घटना पछि मैले चारवटा स्वर्गदूतहरूलाई पृथ्वीका चारकुनामा उभिएको देखेँ। ती स्वर्गदूतहरूले वायुलाई भूमिमा वा समुद्रमा वा कुनै बृक्षमा वहनदेखि रोक्नुको लागि पृथ्वीका चारै वायुलाई समातिरहेका थिए। २त्यसपछि मैले अर्को स्वर्गदूतलाई पूर्वबाट आइरहेको देखें। त्यो स्वर्गदूतको साथमा सजीव परमेश्वरको मोहर थियो। त्यो स्वर्गदूतले ठूलो स्वरमा ती चार स्वर्गदूतहरूलाई बोलाए। ती चार स्वर्गदूतहरू ती थिए जसलाई परमेश्वरले पृथ्वी अनि समुद्रलाई चोट पुर्‍याउने शक्ति दिनु भएको थियो। त्यो स्वर्गदूतले ती चार स्वर्गदूतहरूलाई भने, ३"भूमि वा समुद्र वा बृक्षहरूलाई, हाम्रा परमेश्वरको सेवा गर्ने मानिसहरूको निधारमा हामीले चिन्ह नलगाउञ्जेल चोट न पुर्‍याऊ।" ४तब मैले, कति जना मानिसहरूलाई चिन्हित गरियो, त्यो सुनें। त्यहाँ एकलाख चवालीस हजार थिए। तिनीहरू इस्राएलका मानिसहरूको हरेक परिवार समूहबाट थिए।

| | |
|---|---|
| ५यहूदाको परिवार समूहबाट | १२,००० |
| रूबेनको परिवार समूहबाट | १२,००० |
| गादको परिवार समूहबाट | १२,००० |
| ६आशेरको परिवार समूहबाट | १२,००० |
| नप्तालीको परिवार समूहबाट | १२,००० |
| मनश्शेको परिवार समूहबाट | १२,००० |
| ७शिमियोनको परिवार समूहबाट | १२,००० |
| लेवीको परिवार समूहबाट | १२,००० |
| इस्साखारको परिवार समूहबाट | १२,००० |
| ८जबूलूनको परिवार समूहबाट | १२,००० |
| यूसुफको परिवार समूहबाट | १२,००० |
| बेन्यामीनको परिवार समूहबट | १२,००० |

### विशाल भीड़

९त्यसपछि मैले हेरेँ, अनि त्यहाँ धेरै कसैले गनिनसक्ने मानिसहरू थिए। तिनीहरू पृथ्वीका हरेक राष्ट्र, जाति, कूल अनि विभिन्न भाषाबाटका मानिसहरू थिए। तिनीहरू सिँहासन अनि भेँड़ाको पाठा सामुन्ने उभिरहेका थिए। तिनीहरू सबै सेतो पोशाकमा थिए अनि तिनीहरूका हातमा खजूरका हाँगो थियो। १०तिनीहरू ठूलो स्वरमा कराए, "हाम्रा परमेश्वर जो सिँहासनमा विराजमान छन् अनि भेँड़ाको पाठाको जय होस्।" ११अग्रजहरू अनि ती चार सजीव वस्तुहरू त्यहाँ थिए। सबै स्वर्गदूतहरू तिनीहरूको अघि सिँहासनको वरिपरि थिए। ती स्वर्गदूतहरूले सिँहासनको अघि घुँड़ा टेके अनि परमेश्वरको उपासना गरे। १२तिनीहरूले भने, "आमिन! प्रशंसा, महिमा, ज्ञान, धन्यवाद, सम्मान, शक्ति अनि पराक्रम सदा-सर्वदा हाम्रा परमेश्वरमा रहोस्। आमिन।"

१३तब एकजना अग्रजले मलाई सोधे, "यी सेता पोशाकका मानिसहरू को हुन्? तिनीहरू कहाँबाट आएका हुन्?"

१४मैले उत्तर दिएँ, "महाशय, तँपाईले चिन्नु हुन्छ।" अनि अग्रजले भने, "यी ती मानिसहरू हुन् जसले महा-यातना भोगेर आएका छन्। तिनीहरूले भेँड़ाको रगतले आफ्ना पोशाक धोएका छन्। अब तिनीहरू शुद्ध अनि सेता भएका छन्। १५यसर्थ अहिले यी मानिसहरू परमेश्वरको सिँहासन सामुन्ने छन्। तिनीहरू दिन रात परमेश्वरको उपासना उनको मन्दिरमा गर्छन्। अनि उनी एक, जो सिँहासनमा बस्छन तिनीहरूलाई रक्षा गर्नेछन्। १६तिनीहरूले कहिल्यै भोकाएको महशुस गर्ने छैनन्। तिनीहरू फेरि कहिल्यै तृषित हुने छैनन्। सूर्यले तिनीहरूलाई कहिले क्षति पुर्‍याउने छैन। तिनीहरूलाई गर्मीले पोल्ने छैन। १७सिँहासनको माझमा भएको भेँड़ाको पाठा तिनीहरूको गोठाला हुनेछ। उनले तिनीहरूलाई पानीको मुल तिर लानेछन् जसले जीवन प्रदान गर्नेछ। अनि परमेश्वरले तिनीहरूका आँखाबाट हरेक थोपा आँसु पुछिदिने छन्।"

### सातौं मोहर

८ भेँड़ाको पाठाले सातौं मोहर खोल्यो। तब प्राय: आधा घण्टासम्म स्वर्गमा निरवता छायो। २अनि मैले देखेँ सात स्वर्गदूतहरूलाई, जो परमेश्वरको सामुन्ने उभिएका थिए। तिनीहरूलाई सातवटा तुरही दिइयो।

३अर्को स्वर्गदूत आयो अनि वेदीमा उभियो। त्यो स्वर्गदूत सित सुनौलो धूप-दानी थियो। त्यो स्वर्गदूतलाई, परमेश्वरका समस्त पवित्र मानिसहरूको प्रार्थना सहित अर्पण गर्नका निम्ति धेरै धूप दिइयो। त्यो स्वर्गदूतले यो

भेटी सिँहासन अधिको सुनौलो बेदीमा राखे। ४धूपको धुवाँ स्वर्गदूतको हातबाट उँभो उठेर परमेश्वर कहाँ गयो। त्यो घुवाँ परमेश्वरका मानिसहरूको प्रार्थनासितै उँभो गयो। ५त्यसपछि स्वर्गदूतले बेदीको आगो धूपदानीमा भरे। स्वर्गदूतले त्यो धूपदानी पृथ्वीमा फ्याँकि। तब त्यहाँ बिजुली चम्क्यो, गर्जन अनि आवाजहरू आयो अनि भूकम्प गयो।

### सात स्वर्गदूतहरूले तुरही बजाए

६तब सात तुरही सहितका ती सात-स्वर्गदूतहरू आफ्ना तुरहीहरू बजाउन तयार भए।

७पहिलो स्वर्गदूतले तुरही बजाए। तब रगत मिसिएको असिना अनि आगो पृथ्वीमा झर्‍यो अनि पृथ्वीको एक-तिहाइ अंश अनि सबै हरिया घाँसहरू अनि एक-तिहाइ रूखहरू जले।

८दोस्रो स्वर्गदूतले आफ्नो तुरही बजाए। तब आगोले जलेका पहाड़ जस्तै केही समुद्र तर्फ फ्याँकियो। अनि समुद्रको एक-तहाइ अंश रगत बन्यो। ९अनि एक-तिहाइ समुद्रका प्राणीहरू मरे, अनि एक-तिहाइ जहाजहरू नष्ट भयो।

१०तेस्रो स्वर्गदूतले आफ्नो तुरही बजाए। तब, राँको बेलेको जस्तो एक विशाल तारा आकाशबाट झर्‍यो। त्यो तारा एक-तिहाइ अंश नदीहरू अनि पानीको मुलमा खस्यो। ११त्यो ताराको नाउँ "नागदौना" थियो। अनि सबै एक तिहाइ अंश पानी तितो भयो। त्यो तितो पानी पिएर धेरै मानिसहरू मरे।

१२चौथो स्वर्गदूतले आफ्ना तुरही बजाए। तब एक-तिहाइ अंश सूर्य, एक-तिहाइ अंश चन्द्रमा अनि एक-तिहाइ अंश ताराहरू माथि प्रहार पर्‍यो। ती जन्मैको एक तिहाइ अंश अंध्यारो भयो। दिन अनि रातको पनि एक तिहाइ अंश प्रकाश रहित भयो।

१३जब म हेर्दै थिँए मैले माथि आकाशमा गरूड़ उड़िरहेको आवाज सुनेँ। त्यो गरूड़ले ठूलो स्वरमा भन्यो, "कष्ट, कष्ट, मानिसहरूलाई जो पृथ्वीमा बस्छन्, तिनीहरूलाई कष्ट, कष्ट होस। त्यो कष्ट बाँकी रहेका अन्य तीन स्वर्गदूतहरूले तुरही बजाएको आवाज सुने पछि शुरू हुनेछ।"

९ पाँचौ स्वर्गदूतले आफ्ना तुरही बजायो। तब मैले आकाशबाट एउटा तारालाई पृथ्वीमा झर्दै गरेको देखेँ। त्यो तारालाई गहिरो प्वालको चाबी दिइयो जुन प्वाल अतुलनिय खाल्डातिर जान्छ। २अतुलनिय खाल्डो तिर जाने प्वाल उसले खोल्यो। भट्टीबाट निस्के जस्तै धुँवा त्यस प्वालबाट निस्कँदै थियो अनि त्यसले गर्दा घाम र अकाश अंध्यारो भयो। ३तब त्यो धुवाँबाट सलह पृथ्वी तिर आयो। तिनीहरूलाई बिच्छीहरूले जस्तै चिल्ने शक्ति दिइएको थियो। ४ती सलहहरूलाई पृथ्वीको घाँस, वा कुनै पौधा वा बृक्षलाई हानी नपुर्‍याउनु भनिएको थियो। तिनीहरूले ती मानिसहरूलाई मात्र हानी पुर्‍याउन सक्थे जसको निधारमा परमेश्वरको चिन्ह अंकित थिएन।

५ती सलहहरूलाई, मानिसहरूलाई पाँच महीना सम्म कष्ट दिने शक्ति दिइएको थियो। तर ती सलहहरूलाई मानिसहरूलाई मार्ने अधिकार दिइएको थिएन। अनि त्यो कष्ट मानिसहरूले अनुभव गरे जुन कुनै व्यक्तिलाई विच्छीले चिले जस्तै थियो। ६ती दिनहरूमा मानिसहरू मर्ने उपाय खोज्नेछन्, तर तिनीहरूले पाउने छैनन्। तिनीहरू मर्न चहान्छन् तर मृत्यु तिनीहरू देखि लुक्नेछ।

७ती सलहहरू युद्धका निम्ति तयार गरिएका घोड़ाहरू जस्तै देखिन्थे। तिनीहरूको शिरमा तिनीहरूले सुनको मुकुटहरू जस्तै देखिने लगाएका थिए। तिनीहरूको अनुहार मानवको जस्तै देखिन्थ्यो। ८तिनीहरूको केश स्त्रीहरूको केश जस्तै थियो। तिनीहरूको दाँत सिँहको जस्तै थिए। ९तिनीहरूका छाती फलामका कवच जस्तै देखिन्थे। तिनीहरूको पखेटाले उत्पन्न गरेको आवाज युद्धतर्फ हत्तारिएका धेरै रथहरूले उत्पन्न गरेका आवाज जस्तै थिए। १०ती सलहहरूको पुच्छर विच्छीका जस्ता खिलहरू भएका थिए। मानिसहरूलाई पाँच महीनाको निम्ति कष्ट दिने शक्ति तिनीहरूको पुच्छरमा थियो। ११ती सलहहरूका राजा थियो। त्यो राजा अतल खाड़लको स्वर्गदूत थियो। हिब्रू भाषामा उनको नाउँ एबाड्डोन* थियो। यूनानी भाषामा तिनको नाउँ अपोल्लियोन थियो।

१२पहिलो महाकष्ट पार भयो। अझ दुइ अन्य महा विपत्हरू आउनेछ।

१३छैटौं स्वर्गदूतले उसको तुरही बजायो। तब परमेश्वरको समक्ष सुनौलो बेदीमा भएको सिङ्गबाट आएको स्वर मैले सुनेँ। १४त्यो आवाजले छैटौं स्वर्गदूत, जो सित तुरही थियो, त्यसलाई भन्यो, "ती चार स्वर्गदूतहरूलाई मुक्त गर जो महानदी यूफ्रेटिसमा बाँधिएका छन्।"

---

**एबाड्डोन** पुरानो नियममा मृत्युको ठाउँको नाम भनिन्छ। (अय्यूब २६:६; भजनसंग्रह ८८:११)।

[15]यी चार स्वर्गदूतहरूलाई यस घड़ी, दिन, महीना अनि वर्षको निम्ति तयार राखिएको थियो। यी स्वर्गदूतहरूलाई पृथ्वीमा भएका एक तिहाइ सबै मानिसहरूलाई मार्न भनी मुक्त गरिए। [16]मैले सुनें तिनीहरूको सेनामा घोड़ा-सवार सैनिक कतिजना थिए। त्यहाँ बीस करोड़ थिए।

[17]मेरो दिव्य दृष्टिमा मैले घोड़ाहरू अनि घोड़-सवारहरूलाई देखें। तिनीहरू यस्ता देखिन्थे: तिनीहरूका कवचहरू आगो जस्तो थियो जो रातो, गाढ़ा नीलो अनि गन्धक झैं पहैँलो थियो। घोड़ाका शिरहरू सिँहका शिरहरू जस्तै देखिन्थे। घोड़ाहरूको मुखबाट आगो, धुवाँ अनि गन्धक निस्किरहेथ्यो। [18]पृथ्वीका सम्पूर्ण मानिसहरूका एक-तिहाइ अंश घोड़ाको मुखबाट निस्केका यी तीन नराम्रा कुराहरू: आगो, धुवाँ अनि गन्धक द्वारा मारिए। [19]ती घोड़ाहरूका शक्ति तिनीहरूको मुख अनि पुच्छरमा थियो। तिनीहरूको पुच्छर सर्प जस्तै थियो जसको टाउँकाहरूले मानिसहरूलाई डस्ने अनि घात पुऱ्याउनको लागि थियो।

[20]पृथ्वीका अन्य मानिसहरू बिषालु पदार्थले मारिएनन्। तर यी मानिसहरूले आफ्नो हृदय अनि जीवन परिवर्तन गरेनन् अनि तिनीहरूले आफ्नै हातले निर्माण गरेका कुराहरूबाट तिनीहरूले मुख फर्काएनन्। तिनीहरूले दानवहरू अनि सुन, चाँदी, काँसा, पत्थर अनि काठमूर्तिलाई जो देख्न वा सुन्न वा हिँड़न सक्तैनन्, पूजा गर्न छाड़ेनन्। [21]यी मानिसहरूले आफ्ना हृदय अनि जीवन परिवर्त्तन गरेनन् अनि अरू मानिसहरूलाई मार्न छाड़ेनन्, तिनीहरू आफ्ना जादु-टुनामुना, आफ्ना यौन-पाप, चोरी कर्म देखि पर सरेनन्।

## स्वर्गदूत अनि सानो पुस्तिका

**१०** तब, मैले अर्को शक्तिवान स्वर्गदूतलाई स्वर्गबाट ओर्लिरहेको देखें। त्यो स्वर्गदूतले बादलको पोशाक लगाएको थियो। तिनको शिर इन्द्रेणीले घेरिएको थियो। त्यो स्वर्गदूतको अनुहार सूर्य जस्तो थियो, उसको पाउहरू आगोको स्तम्भहरू जस्तो थियो। [2]त्यो स्वर्गदूत एउटा पुस्तिका सित थिए। त्यो पुस्तिका उसको हातमा खोलिएको थियो। त्यो स्वर्गदूतले उसको दाहिने खुट्टा समुद्रमा अनि देब्रे खुट्टा भूमिमा राखेको थियो। [3]त्यो स्वर्गदूत सिँह गर्जेको जस्तो ठूलो स्वरले करायो। स्वर्गदूत कराए पछि, सात-गर्जनले पनि बोल्यो। [4]ती सात गर्जनले बोले, अनि मैले लेख्न शुरू गरें। तर, तब मैले स्वर्गबाट आएको स्वर सुनें। त्यो स्वरले भन्यो, "ती सात गर्जनले भनेका कुरा नलेख। तिनीहरूलाई गुप्त राख।"

[5]तब, मैले समुद्र अनि भूमिमा पाउ राख्ने स्वर्गदूतले आफ्नो दाहिने हात स्वर्गतिर उठाएको देखें। [6]त्यो स्वर्गदूतले, उनी एक जो सदासर्वदा रहन्छन्, उनको शक्तिद्वारा प्रतिज्ञा गऱ्यो। उनी नै एक हुन् जसले आकाश अनि त्यसमा देखिएका सबै सृष्टि गरे। उनले पृथ्वी अनि यसमा भएका सबै कुरा सृष्टि गरे अनि उहाँले समुद्र अनि त्यसमा देखिएका सबै सृष्टि गरे। त्यो स्वर्गदूतले भन्यो, "अब अधिक प्रतिक्षा हुने छैन। [7]ती दिनहरूमा जब सातौ स्वर्गदूत आफ्नो तुरही फुक्न तयार हुन्छ, परमेश्वरको गुप्त योजना पूर्ण हुनेछ। यो योजना, परमेश्वरले आफ्ना सेवकहरूलाई भनेको सुसमाचार हो, जो अगमवक्ताहरू हुन्।"

[8]तब मैले फेरि स्वर्गबाट त्यही आवाज सुनें। त्यो आवाजले मलाई भन्यो, "जाऊ अनि त्यो खुल्ला पुस्तिका लेऊ जो स्वर्गदूतको हातमा छ। यो त्यही स्वर्गदूत हो जो सागर अनि भूमिमा उभिरहेको छ।"

[9]यसर्थ म त्यो स्वर्गदूतकहाँ गएँ अनि त्यो सानो बेह्रेको पुस्तिका मलाई दिनु भनी माँगे। त्यो स्वर्गदूतले मलाई भन्यो, "यो सानो पुस्तिका लेऊ अनि यसलाई खाऊ। तिम्रो भूँड़ीमा यो अमिलो हुनेछ।" तर तिम्रो मुखमा यो मह जस्तो मीठो हुनेछ।" [10]यसर्थ मैले स्वर्गदूतको हातबाट त्यो सानो बेह्रेको पुस्तिका लिएँ अनि मैले त्यो खाएँ। मेरो मुखमा त्यो मह जस्तो मीठो भयो। तर मैले त्यो खाई सके पछि त्यसको स्वाद भुँड़ीमा अमिलो भयो।" [11]तब मलाई भनियो, "तिमीले फेरि अनेक जाति, धेरै राष्ट्रहरू, अनेक भाषाहरू अनि राजाहरूको बारेमा अगमवाणी गर्नु पर्छ।"

## दुइ साक्षीहरू

**११** त्यसपछि मलाई नाप्ने दण्ड जस्तै एउटा टेक्ने लट्ठी दिइयो। मलाई भनियो, "जाऊ अनि परमेश्वरको मन्दिरको वेदीको नाप लेऊ, अनि त्यहाँ पूजा गर्नेहरूको संख्या गन्ति गर। [2]तर मन्दिर बाहिरको आँगन छोड़िदेऊ। त्यसलाई ननाप। त्यो अयहूदीहरूलाई दिइएको छ। तिनीहरू बयालीस महीनासम्म पवित्र नगरमा

पाइताला ठटाएर हिँड्नेछन्। ३अनि म मेरा दुइ साक्षीहरूलाई
अधिकार दिनेछु। अनि तिनीहरूले एकहजार दुइसय साठ्ठी
दिन अगमवाणी गर्नेछन्। तिनीहरू पशुको भुत्लाको
वस्त्र पहिरेका हुनेछन्।” ४यी दुइ साक्षीहरू दुइ भद्रासेका
बृक्षहरू हुन् अनि दुइ दीप-दानी जो पृथ्वीका परमप्रभु
अघि खड़ा छन्। ५यदि कुनै व्यक्तिले ती साक्षीहरूलाई
घात गर्ने प्रयास गरे ती साक्षीहरूका मुखबाट आगो
निस्कने छ अनि आफ्ना शत्रुलाई मार्ने छन्। कुनै व्यक्ति
जसले तिनीहरूलाई घात पुर्‍याउने चेष्टा गर्छ, यसै
प्रकारले मारिनेछ। ६यी साक्षीहरूसित, तिनीहरूले अगमवाणी
गरिरहेको समयमा आकाशलाई वृष्टि गराउनुबाट रोक्ने
शक्ति छ। तिनीहरूसित पानीलाई रगत तुल्याउने शक्ति
छ। तिनीहरूसित हरेक किसिमका कष्ट पृथ्वीमा पठाउने
शक्ति छ। तिनीहरूले जति पल्ट यसो गर्न चाहन्छन् गर्न
सक्छन्।

७जब ती दुइ साक्षीहरूले आफ्ना प्रमाण सिध्याएका
हुन्छन्, पशु तिनीहरूको विरुद्ध लड्ने छ। यो त्यो पशु
हो जो पातालबाट माथि आउँछ। त्यो पशुले तिनीहरू
सबैलाई जित्ने छ अनि तिनीहरूलाई मार्नेछ। ८ती दुइ
साक्षीहरूको शरीर महान नगरको गल्लीमा हुनेछ। यो
नगरको नाउँ सोदोम अनि मिस्रदेश हो। नगरका यी
नाउँहरूमा विशेष अर्थ छ। यो त्यही नगर हो जहाँ
प्रभुलाई मारिएको थियो। ९हरेक वंश, जाति, भाषा
अनि राष्ट्रका मानिसहरूले साँढ़े तीन दिन सम्म ती दुइ
साक्षीहरूको शवलाई हेर्नेछन्। तिनीहरूलाई गाड्न
मानिसहरूले अस्वीकार गर्नेछन्। १०किनभने यी दुइ
मरेकोमा पृथ्वीका बासिन्दाहरू खुशी हुनेछन्। तिनीहरू
भोज गर्नेछन् अनि एक अर्कालाई उपहार दिनेछन्।
किनभने यी दुइ अगमवक्ताहरूले पृथ्वीमा बस्ने मानिसहरूमा
अनेक यातना दिए।

११तर साँढे तीन दिनपछि परमेश्वरले ती दुइ
अगमवक्ताहरूमा परमेश्वरबाट फेरि जीवन पस्यो। तिनीहरू
आफ्ना खुट्टामा उभिए। सबै मानिसहरू जसले तिनीहरूलाई
देखे खुबै डराए। १२तब ती अगमवक्ताहरूले स्वर्गबाट
ठूलो आवाज सुने, “यहाँ माथि आऊँ।” अनि ती दुइ
अगमवक्ताहरू बादलमा माथि स्वर्ग गए। तिनीहरूका
शत्रुहरूले तिनीहरूलाई माथि गएको देखे।

१३त्यसैबेला त्यहाँ ठूलो भूकम्प गयो। एक दशाँश
नगर नष्ट भयो। अनि सात हजार मानिसहरू त्यस
भूकम्पमा मरे। मानिसहरू जो मरेनन्, तिनीहरू अत्यन्त
भयभीत थिए। तिनीहरूले स्वर्गका परमेश्वरलाई महिमा
प्रदान गरे।

१४दोस्रो विपत्ती पूर्ण भयो। तेस्रो विपती चाँड़ै
आइरहेछ।

## सातौं तुरही

१५सातौं स्वर्गदूतले आफ्ना तुरही बजाए। तब स्वर्गमा
ठूलो आवाजहरू भयो। आवाजहरूले भने,”

“संसारको राज्य अब हाम्रा परमप्रभु परमेश्वरको
अनि ख्रीष्टको भएको छ। अनि उहाँले सदासर्वदा
शासन गर्नेछन्।”

१६तब ती चौबीस अग्रजहरूले शिर भुकाए अनि
परमेश्वरको आराधना गरे। तिनीहरू ती अग्रजहरू हुन्
जो परमेश्वरको सामुन्ने आफ्ना सिँहासनमा बस्छन्।
१७ती अग्रजहरूले भने:

“प्रभु परमेश्वर जो सर्वशक्तिमान हुनुहुन्छ हामी
तपाईंलाई धन्यवाद चढ़ाउँछौ। तँपाईं नै एक
हुनुहुन्छ जो छ, जो सर्वदा थिए। हामी तपाईंलाई
धन्यवाद टक्राउँछौ किनभने तपाईंले आफ्नो
महान शक्ति लिनुभयो अनि शासन गर्नु शुरू
गर्नुभयो।
१८ संसारका राष्ट्रहरू क्रोधित थिए, तर अब तपाईं
क्रोधित हुने समय हो। अब, मृत मानिसहरूको
न्याय गर्ने समय हो। अब, तपाईंका सेवकहरू
अनि अगमवक्ताहरूलाई पुरस्कृत गर्ने समय
हो, अनि तपाईंको पवित्र मानिसहरूलाई पुरस्कृत
गर्ने समय हो, ती ठूला अनि साना मानिसहरू
जो तपाईंलाई सम्मान गर्छन्। यो ती मानिसहरूलाई
संहार गर्ने समय हो, जसले पृथ्वीको संहार
गर्छन।”

१९त्यसपछि स्वर्गमा परमेश्वरको मन्दिर खोलियो।
त्यो पवित्र सन्दूक जसमा परमेश्वरले उनका मानिसहरूलाई
दिएको करार थियो, उनको मन्दिरमा देख्न सकिन्थ्यो।
तब त्यहाँ विजुली चम्क्यो, हल्ला भयो, गर्जन भयो,
भूकम्प आयो अनि धेरै असीना पर्‍यो।

## स्त्री अनि विशाल सर्प

**१२** अनि त्यसपछि स्वर्गमा एक महा-संकेत देखा
पर्‍यो। त्यहाँ एक स्त्री थिइन् जसले सूर्य
पहिरिरहेकी थिइन। चन्द्रमा उसको पाउ मुनि थियो।
उसको शिरमा बाह्रवटा तारा लगाइएको मुकुट थियो।
२ती स्त्री गर्भवती थिइन्। तिनी पीढ़ाले कराइन् किनभने
तिनी शिशुलाई जन्म दिने अवस्थामा थिइन। ३त्यसपछि
स्वर्गमा अर्को संकेत देखा पर्‍यो। त्यहाँ एक विशाल
रातो सर्प थियो। त्यो विशाल सर्पको सातवटा शिर र
दशवटा सिंग थियो। त्यसको शिरमा सातवटा मुकुटहरू
थियो। ४त्यो विशाल सर्पको पुच्छरले आकाशको ताराहरूको
एक तिहाइ अंश सोहोरेर पृथ्वीमा खसालि दियो। त्यो
विशाल सर्प त्यस स्त्रीको सामुन्ने खड़ा थियो जो स्त्री
शिशु जन्म दिनु तयार थिइन्। त्यो सर्प त्यस स्त्रीको
बालक जन्मने बित्तिकै त्यसलाई खान चाहन्थ्यो। ५त्यो
स्त्रीले छोरो - एक पुरुष बालकलाई जन्माइन्। उसले
फलामको छडद्वारा सम्पूर्ण राष्ट्रहरूमा शासन गर्नेछ।
अनि त्यस स्त्रीको छोरोलाई परमेश्वरकहाँ अनि सिँहासनमा
लगियो। ६त्यो स्त्री परमेश्वरले उसको निम्ति तयार
गरिदिनु भएको स्थान मरूभूमितर्फ भागिन्। उसलाई त्यो
मरूभूमिमा एकहजार दुइसय साट्ठी दिनसम्म हेरचाह
गरिने छ।

७त्यसपछि स्वर्गमा एक युद्ध भयो। माइकल* अनि
तिनका दूतहरू त्यस विशाल सर्पका विरोधमा लड़े। त्यो
सर्प अनि त्यसका दूतहरू प्रतिकारमा लड़े। ८तर त्यो
विशाल सर्प त्यति शक्तिशाली थिएन। त्यो विशाल सर्प
अनि त्यसका दूतहरूले स्वर्गमा आफ्ना स्थान गुमाए।
९त्यो विशाल सर्प त्यसका दूतहरू सहित पृथ्वीमा
फालियो। त्यो विशाल सर्प त्यही पुरानो सर्प हो जसलाई
दानव अथवा शैतान भनिन्छ, त्यसले सम्पूर्ण संसारलाई
नै कुमार्गमा डोर्‍याउँछ। उसका दूतहरू पनि उसँगै पृथ्वी
तल फालियो। १०तब मैले स्वर्गमा ठूलो स्वरमा भनेको
सुने: "हाम्रा परमेश्वरको विजय, शक्ति, अनि राज्य अनि
ख्रीष्टको अधिकार अब आइपुगेको छ। किनभने हाम्रा
भाइहरूलाई दोषारोपन गर्न फ्याँकिएको छ। उसले हाम्रो
भाइहरूलाई परमेश्वरको अघि दिन रात दोष लगाई
रहेको थियो। ११हाम्रा भाइहरूले तिनलाई भेँड़ाको
पाठाको रगत अनि सत्य प्रचार गरेर परास्त गरेका छन्।
तिनीहरूले आफ्ना जीवनलाई त्यति प्रेम गरेनन् यसर्थ
तिनीहरू मृत्युसित डराएका थिएनन्। १२यसर्थ तिमी
स्वर्गहरू अनि सबै जो त्यहाँ बस्छन्, सुखी होऊ। तर
पृथ्वी अनि समुद्रको निम्ति नराम्रो हुनेछ किनभने शैतान
तिमीहरू कहाँ गएको छ। जब त्यसलाई थाहा छ कि
उसको समय अति कम्ती छ त्यो क्रोधपूर्ण छ।"

१३त्यो विशाल सर्पले देख्यो कि त्यो पृथ्वी तलतिर
फ्याँकिएको छ। यसर्थ उसले त्यस स्त्रीलाई खेद्यो जसले
एउटा छोरो जन्म दिएकी थिई। १४तर त्यस स्त्रीलाई
विशाल गरूड़को दुइ पखेटा दिइयो। यसर्थ तिनी त्यस
स्थानमा उड़ेर जान सक्थिइन् जो मरूभूमिमा तिनको
निम्ति तयार गरिएको थियो। त्यस स्थानमा साढ़ेँ तीन
वर्षसम्म तिनको हेरचाह गरिने थियो। त्यहाँ तिनी त्यो
सर्पदेखि टाढ़ो बस्न सक्थिन। १५तब त्यस सर्पले आफ्नो
मुखबाट नदीले जस्तो पानी पोखायो। त्यस सर्पले त्यस
स्त्री तिर पानी खन्यायो जसद्वारा उसलाई बाढ़ीले बगाउन
सक्थ्यो। १६तर त्यस स्त्रीलाई पृथ्वीले सहायता गर्‍यो।
पृथ्वीले आफ्नो मुख खोल्यो अनि त्यस सर्पको मुखबाट
निस्केको पानी निल्यो। १७तब त्यो विशाल सर्प त्यस
स्त्री प्रति खूबै क्रोधित भयो। त्यो सर्प त्यस स्त्रीको
अन्य बालकहरूको विरुद्ध लड़ाईं गर्न हिँड़्यो। त्यस
स्त्रीका बालकहरू तिनीहरू थिए जसले परमेश्वरको
आदेशको पालन गर्थे। येशूले सिकाएको सत्य तिनीहरूसित
थियो। १८त्यो विशाल सर्प समुद्र किनारमा खड़ा भयो।

## दुइ पशुहरू

**१३** त्यसपछि मैले समुद्रबाट एक पशु उठिरहेको
देखें। त्यसको दशवटा सिङ्ग अनि सातवटा
टाउँको थिए। त्यसको प्रत्येक सिङ्गमा एउटा मुकुट
थियो। त्यसको प्रत्येक टाउँकोमा नराम्रो नाउँ लेखिएको
थियो। २यो पशु भालूको जस्तो खुट्टा भएको चितुवा
जस्तो देखिन्थ्यो। त्यसको सिँहको जस्तो मुख थियो।
त्यो विशाल सर्पले त्यस पशुलाई आफ्ना सबै शक्ति,
उसको सिँहासन अनि महान अधिकार दियो। ३त्यस
पशुको एउटा टाउँको चोट लागेको अनि मारिएको
जस्तो देखिन्थ्यो। तर त्यो मृत्यु-घाउ निको भएको
थियो। संसारका समस्त मानिसहरू आश्चर्य चकित भए
अनि सबैले त्यस पशुलाई पछ्याए। ४मानिसहरूले त्यस
विशाल सर्पको उपासना गरे किनभने त्यसले आफ्नो
शक्ति त्यस पशुलाई दिएको थियो। अनि मानिसहरूले

---

**माइकल** प्रधान स्वर्गदूत—परमेश्वरको दूतहरूको अगुवा।

त्यस पशुको पनि उपासना गरे। तिनीहरूले सोधे, "त्यो
पशु जस्तो शक्तिशाली को छ?" को त्यसको विरुद्धमा
लड़ाईं गर्न सक्छ?"
[५]त्यस पशुलाई अहँकारी बचन अनि ईश्वर निन्दा
गर्न अनुमति दिइयो। त्यो पशुलाई बयालीस महीनासम्म
त्यसको शक्ति उपयोग गर्न दिइयो। [६]त्यो पशुले परमेश्वरको
पक्षमा नराम्रा कुरा भन्नलाई मुख उघार्‍यो। त्यो पशुले
परमेश्वरको नाउँको विरुद्ध, त्यो स्थानको विरुद्ध जहाँ
परमेश्वर बस्छन्, अनि ती सबै, जो स्वर्गमा बस्छन्
उनीहरूको विरुद्ध कुरा भन्यो। [७]त्यो पशुलाई परमेश्वरको
पवित्र मानिसहरूको विरुद्ध युद्ध गर्ने अनि उनीहरूलाई
परास्त गर्ने शक्ति दिइएको थियो। त्यो पशुलाई हरेक
जाति, वंश, भाषा अनि राष्ट्र माथि अधिकार दिइएको
थियो। [८]समस्त मानिसहरू जो पृथ्वीमा बस्छन्, त्यो
पशुको उपासना गर्नेछन्। यी सबै मानिसहरू संसारको
प्रारम्भ देखि नै छन् जसको नाउँ भेंड़ाको पाठाको
जीवनको पुस्तकमा लेखिएको छैन। त्यो भेंड़ाको पाठा
उनी एक हुन् जसलाई मारिएको थियो।
[९]यदि कुनै व्यक्ति सुन्नु सक्छ भने, उसले यो कुरा
सुन्नु पर्छ:

[१०] कुनै व्यक्ति यदि कैदी हुनु छ भने, तब त्यो
व्यक्ति कैदी हुने नैं छ। कुनै व्यक्ति तरवारले
मारिनु पर्छ भने, त्यो व्यक्ति तरवारले नै
मारिनेछ।

यसको मतलब यो हो कि परमेश्वरको पवित्र मानिसहरूसँग
धैर्य र विश्वास हुनु पर्छ।
[११]त्यसपछि मैले अर्को पशुलाई पृथ्वीबाट आइरहेको
देखेँ। त्यसको भेँड़ाको पाठाको जस्तो दुइवटा सिङ्ग
थियो, तर त्यो विशाल सर्प झैँ कुरा गर्थ्यो। [१२]यो पशु
पहिलेको पशु अघि उभिन्छ। अनि पहिलो पशु जस्तै
शक्तिको उपयोग गर्छ। त्यसले यो शक्ति पृथ्वीमा बस्ने
सबै मानिसहरूलाई पहिलो पशुको पूजा गराउनुमा
उपयोग गर्छ। त्यो पहिलो पशु त्यो पशु हो जसको
टाउँकोमा निको भएको डर लाग्दो घाउ थियो। [१३]यो
दोस्रो पशुले महान चमत्कारहरू गर्छ। मानिसहरूको
आँखा अघि स्वर्गबाट आगो पृथ्वीमा झर्न लगायो।
[१४]त्यो दोस्रो पशुले उसलाई दिइएको शक्ति प्रयोग गरेर
पृथ्वीमा बस्ने मानिसहरूलाई धोका दिन्छ। त्यसले यी
चमत्कारहरू पहिलो पशुको सेवाको निम्ति गर्छ। दोस्रो
पशुले पहिलो पशुलाई सम्मान गर्नका निम्ति मानिसहरूलाई
एउटा मूर्ति बनाउने आदेश दियो। यो त्यो पशु हो
जसलाई तरवारको चोट लागेको थियो, तर मरेन।
[१५]त्यो दोस्रो पशुलाई त्यो पहिलो पशुको मूर्ति जीवित
तुल्याउने शक्ति दिइएको थियो। तब त्यो मूर्ति बोल्न
सक्थ्यो अनि त्यसलाई पूजा-गर्ने सबैलाई मार्ने आदेश
दिन सक्थ्यो। [१६]त्यो दोस्रो पशुले ठूला अनि साना, धनी
अनि गरीब, मुक्त अनि दास, सबै मानिसहरूलाई
तिनीहरूको दाहिने हात अथवा निधारमा चिन्ह लाउन
विवश तुल्यायो। [१७]यो चिन्ह भएका मानिसहरू बाहेक
कसैले केही पनि किन्न वा बेच्न सक्तैनथ्यो। चिन्ह त्यो
पशुको नाउँ वा त्यसको नाउँको संख्या थियो। [१८]कोही
पनि जसकोमा बुद्धि छ उसले त्यस पशुको संख्या थाहा
लगाउनु सक्थ्यो। यहाँ बुद्धिको आवश्यक छ। यो
संख्याले मान्छेको नाम प्रतिनिधित्व गर्छ। यो ६६६ हो।

## मुक्त व्यक्तिको गीत:

**१४** त्यसपछि मैले हेरेँ, अनि त्यहाँ मेरो अघि
भेंड़ाको पाठा थियो। उ सियोन पर्वतमा उभिरहेको
थियो। त्यहाँ उसित एक लाख चवालीस हजार मानिसहरू
थिए। तिनीहरू सबैको निधारमा उसको अनि उसका
पिताको नाउँ लेखिएको थियो। [२]अनि मैले बाढ़ी
आएको आवाज अथवा ठूलो गर्जनको आवाज जस्तो
स्वर्गबाट आएको सुनेँ। मैले सुनेको आवाज वीणा
बजाउँदा मानिसहरूको आवाज जस्तै थियो। [३]मानिसहरूले
सिँहासन, ती चार सजीव वस्तु अनि अग्रजहरू अघि
एउटा नयाँ गीत गाए। केवल ती मानिसहरू जसले नयाँ
गीत सिक्न सके, एक लाख चवालीस हजार थिए
जसलाई पृथ्वीबाट मुक्त गरिएका थिए। अन्य कसैले त्यो
गीत सिक्न सकेनन्। [४]यी एक लाख चवालीस हजार
मानिसहरू जसले स्त्रीहरूसित अनुचित कर्म गरेनन् अनि
स्वयंलाई शुद्ध राखे। तिनीहरूले भेँड़ाको पाठा जता गयो
त्यतै पछयाए। यी एक लाख चवालीस हजारलाई
पृथ्वीका मानिसहरूबाट मुक्त गरिएको थियो। परमेश्वर
अनि भेँड़ाको पाठालाई अर्पण गरिएका तिनीहरू नै
पहिलो मानिसहरू थिए। [५]यी मानिसहरूले कहिल्यै झुटो
बोलेनन्। तिनीहरू दोषरहित थिए।

## तीन स्वर्गदूतहरू

[६]तब मैले अर्को स्वर्गदूतलाई आकाशमा उड़िरहेको
देखेँ। पृथ्वीमा बस्ने मानिसहरू प्रत्येक राष्ट्र, जाति,

भाषा अनि वंशलाई प्रचार गर्नका निम्ति त्यो स्वर्गदूतसित अनन्त सुसमाचार थियो। ७त्यो स्वर्गदूतले ठूलो आवाजमा भन्यो, "परमेश्‍वरको भय राख अनि उहाँको स्तुति गर। सबै मानिसहरूको न्याय गर्ने परमेश्‍वरको समय आएको छ। परमेश्‍वरको उपासना गर। जसले स्वर्ग, पृथ्वी, समुद्र अनि जल श्रोत सृष्टि गरे।"

८तब दोस्रो स्वर्गदूतले पहिलो स्वर्गदूतको अनुसरण गर्‍यो अनि भन्यो, "उ नष्ट भई। महान नगर बेबिलोनको नष्ट भयो। उसले सम्पूर्ण राष्ट्रहरूलाई आफ्नो व्यभिचारको अनि परमेश्‍वरको क्रोधबाट निस्किएको दाखरस पिउन लगाइ।"

९तेस्रो स्वर्गदूतले पहिलो दुइ स्वर्गदूतहरूको अनुसरण गरे। त्यो तेस्रो स्वर्गदूतले ठूलो आवाजमा भने, जसले त्यस पशु अनि पशुको मूर्त्तिको पूजा गर्छ, अनि आफ्ना निधार अथवा हातमा पशुको चिन्ह अंकित गर्छ, त्यस व्यक्तिको निम्ति नराम्रो हुनेछ। १०त्यस व्यक्तिले परमेश्‍वरको क्रोधको दाखरस पिउनेछ। परमेश्‍वरको प्यालामा कड़ा दाखरस हालिएको छ। त्यो व्यक्तिले पवित्र स्वर्गदूतहरू अनि भेँड़ाको पाठाको अघि पोल्ने गन्धकद्वारा प्रचण्ड यातना पाउनु पर्छ। ११अनि तिनीहरूको निम्ति कष्टदायक धुवाँ सदा सर्वदा रहनेछ। ती मानिसहरू जसले पशुको अनि त्यसको मूर्तिको पूजा गर्नेछन् अथवा त्यसको नाउँ खोपाउने छन्, तिनीहरूको निम्ति दिन रात आराम रहने छैन।

१२यसको मतलब-परमेश्‍वरको पवित्र मानिसहरूमा धैर्य हुनुपर्छ। तिनीहरूले परमेश्‍वरको आदेशहरू पालन गर्नुपर्छ अनि आफ्ना विश्‍वास येशू माथि राख्नु पर्छ।

१३तब, मैले स्वर्गबाट यस्तो भन्दै गरेको आवाज सुने, "यसलाई लेख: परमप्रभुमा जो मरे तिनीहरू धन्य हुन।"

आत्माले भन्छ, "हो, त्यो सत्य हो। ती मानिसहरू तिनीहरूका कठिन परिश्रम देखि विश्राम गर्नेछन् किनभने तिनीहरूले गरेका कुराहरू तिनीहरू सितै रहनेछन्।"

## पृथ्वीको फसल

१४मैले हेरें अनि मेरो अघि त्यहाँ सेतो बादल थियो। त्यो सेतो बादलमा जो बसेका थिए तिनी मानिसको पुत्र जस्तै देखिन्थे। उनको शिरमा सुनौलो मुकुट अनि हातमा धारिलो हँसिया थियो। १५तब, मन्दिर बाहिर अर्को स्वर्गदूत आयो। त्यो स्वर्गदूतले जो बादलमाथि बसेका थिए तिनलाई भन्यो, "तिम्रो हँसिया लेऊ अनि बाली काट। फसल काट्ने समय आयो। पृथ्वीको फल पाक्यो।" १६यसर्थ उनी जो बादलमा बसेका थिए, पृथ्वीमाथि आफ्नो हँसिया चलाए अनि पृथ्वीको फसल काटियो।

१७तब स्वर्गमा मन्दिर बाहिर अर्को स्वर्गदूत निस्के। त्यो स्वर्गदूत सित पनि धारिलो हँसिया थियो। १८त्यसपछि वेदीबाट अर्को स्वर्गदूत आए। यो स्वर्गदूतको आगोमाथि अधिकार थियो। यो स्वर्गदूतले धारिलो हँसिया हुने स्वर्गदूतलाई भन्यो। उसले भन्यो, "तिम्रो धारिलो हँसिया लेऊ अनि पृथ्वीको अङ्गूर घारीबाट अङ्गूरका झुप्पा सँग्रह गर। पृथ्वीका अङ्गूरहरू पाकेका छन्।" १९त्यो स्वर्गदूतले उसको हँसिया पृथ्वीमाथि चलाए अनि स्वर्गदूतले पृथ्वीका अङ्गूरहरू संग्रह गरे अनि परमेश्‍वरको क्रोधको बृहत दाख दानीमा हालिदिए। २०नगर बाहिर दाख दानीमा अङ्गूरहरू निचोरियो। दाख दानी बाहिर रगत बग्यो। यो दुइसय माइल टाढ़ासम्म घोड़ाको लगामहरू भन्दा अग्लो फैलियो।

## आखिरी महामारीहरू सहित स्वर्गदूतहरू

१५ तब मैले स्वर्गमा अर्को संकेत देखे। यो महान अनि अद्‌भूत थियो। त्यहाँ सात विपत्ती ल्याउने सात स्वर्गदूतहरू थिए। ती अन्तिम विपत्तीहरू थिए। किनभने यी विपत्तीहरू पछि परमेश्‍वरको प्रकोप समाप्त हुनेछ।

२मैले आगोसित मिसिएको काँचको समुद्र जस्तै केही चीज देखें। समस्त मानिसहरू जसले त्यो पशु अनि त्यसको मूर्ति अनि त्यसको नाउँका संख्याहरूमाथि विजय प्राप्त गरेका थिए, समुद्रको छेउमा उभिरहेका थिए। यी मानिसहरूसित वीणा थियो जो परमेश्‍वरले दिएका थिए। ३तिनीहरूले परमेश्‍वरको सेवक मोशा अनि भेँड़ाका पाठाका गीत गाए।

"परमप्रभु-परमेश्‍वर, सर्वशक्तिमान,
तपाईंले जे गर्नु हुन्छ, महान अनि आश्चर्यपूर्ण छन्।
राष्ट्रहरूका राजा,
तपाईंका विचार सबै सही अनि सत्य छन्।
४हे परमप्रभु, समस्त मानिसहरू तपाईंसित भयभीत हुनेछन्। सबै मानिसहरूले तपाईंको नाउँको स्तुति गर्नेछन्।
किनभने तपाईं मात्र पवित्र हुनुहुन्छ।

सम्पूर्ण मानिसहरू आउने छन् अनि तपाईंको सामुन्ने
प्रशंसा गर्ने छन्, किनभने यो स्पष्ट छ कि तपाईं त्यो
कुरा गर्नुहुन्छ जो सही छन्।"

५तब मैले स्वर्गमा साक्षीको मन्दिर देखे जुन खुल्ला
थियो। ६अनि सात विपत्तीहरू ल्याउने स्वर्गदूतहरू मन्दिर
बाहिर आए। तिनीहरूले सफा चम्किलो मलमलको
लुगा लुगाएका थिए। तिनीहरूले आफ्नो छाती सुनौंला
पट्टीले बाँधेका थिए। ७तब चार मध्ये एक सजीव
वस्तुले ती सात स्वर्गदूतहरूलाई सातवटा सुनौला कचौरा
दिए। ती कचौराहरू शाश्वत परमेश्वरको क्रोधले भरिएको
थियो जो सदा सर्वदा बस्नेछन्। ८मन्दिरमा परमेश्वरको
महिमा अनि शक्तिको धुवाँले भरिएको थियो। सात
स्वर्गदूतका सात विपत्तीहरू पुरा नहुञ्जेल सम्म मन्दिरभित्र
कसैले पनि प्रवेश गर्न सक्तैनथ्यो।

### परमेश्वरको प्रकोप भरिएका कचौराहरू

**१६** तब मैले मन्दिरबाट आएको ठूलो आवाज सुने।
त्यो आवाजले ती सात स्वर्गदूतलाई भन्यो,
"जाऊ अनि परमेश्वरको क्रोधका सात कचौराहरू
पृथ्वीमा खन्याइ देऊ।"

२पहिलो स्वर्गदूत गए। उसले आफ्नो कचौरा जमीनमा
खन्याए। तब समस्त मानिसहरूले, जसकोमा त्यस
पशुको चिन्ह थियो अनि जसले त्यसको मूर्त्तिको पूजा
गर्थे तिनीहरूलाई अति दु:खदायक औ घिनलाग्दो
घाउहरू भयो। ३दोस्रो स्वर्गदूतले समुद्रमा उसको कचौरा
खन्यायो। तब समुद्र मरेको मानिसको रगत जस्तै बन्यो।
समुद्रका हरेक जीवित वस्तु मर्‍यो।

४तेस्रो स्वर्गदूतले आफ्नो कचौरा नदीहरू अनि
पानीको मुहानमा खन्यायो। नदीहरू अनि पानीको मुहानहरू
रगतमा परिणत भयो। ५तब मैले पानीको स्वर्गदूतले
परमेश्वरलाई भनेका सुने:

> "तँपाईं नै एक हुनुहुन्छ जो छ अनि जो हुनु
> हुन्थ्यो। तपाईं नै एक पवित्र हुनुहुन्छ। तपाईं
> यो न्यायहरू गर्नुमा सही हुनुहुन्छ,
> ६ मानिसहरूले तँपाइंका पवित्र मानिसहरू अनि
> तपाईंका अगमवक्ताहरूको रगत बगाइदिए।
> अहिले तिनीहरूलाई तँपाईंले रगत पिउनु दिनु
> भएको छ। तिनीहरू त्यसैको योग्य छन्।"

७अनि मैले वेदीले भन्दै गरेको सुनें:

> "हो, परमप्रभु परमेश्वर, सर्वशक्तिमान तपाईंको
> न्याय सत्य अनि उचित छ।"

८तब चौथो स्वर्गदूतले आफ्नो कचौरा सूर्यमा खन्याए।
सूर्यलाई मानिसहरूलाई आगोले पोल्ने शक्ति दिइयो।
९मानिसहरू प्रचण्ड तातोले डड़े। ती मानिसहरूले
परमेश्वरको नाममा सरापे जसको नांममा यी महामारीहरू
थिए। तर मानिसहरूले आफ्ना हृदय परिवर्तन गर्न अनि
परमेश्वरलाई महिमा प्रदान गर्न अस्वीकार गरे।

१०पाँचौ स्वर्गदूतले आफ्नो कचौरा त्यो पशुको
सिँहासनमाथि खन्याए। अनि पशुको राज्यमा अन्धकारले
ढाक्यो। मानिसहरूले कष्टमा आफ्ना जिब्रो टोके।
११मानिसहरूले तिनीहरूले पाएको पीड़ा अनि घाउको
कारण स्वर्गका परमेश्वरलाई सरापे। तर तिनीहरूले
आफ्नो कुकर्मको लागि पश्चताप गर्न अस्वीकार गरे।

१२छैटौं स्वर्गदूतले आफ्नो कचौरा विशाल नदी
यूफ्रेटिसमा खन्याए। पूर्वबाट आउनु पर्ने राजाहरूको पथ
निमार्णको निम्ति त्यो नदीको पानी सुक्यो। १३तब मैले
तीनवटा दुष्ट आत्माहरू देखें जो भ्यागुतो जस्तै देखिन्थ्यो।
तिनीहरू त्यो विशाल सर्पको मुखबाट, त्यो पशुको
मुखबाट अनि झूटा अगमवक्ताको मुखबाट भ्यागुताहरू
निस्के। १४यी दुष्ट आत्माहरू दानवहरूका आत्मा थिए।
तिनीहरूमा चमत्कार गर्ने शक्ति थियो। यी दुष्ट आत्माहरू
संसारका राजाहरूकहाँ जान्छन्। तिनीहरू परमेश्वर-
सर्वशक्तिमानको महा-दिवसमा लड़ाइ गर्न राजाहरू बटुल्न
जान्छन्।

१५"सुन! म चोर पसे जस्तो गरी आउने छु। धन्य
हो जुन व्यक्ति नसुती बस्छ अनि आफ्ना वस्त्रहरू
आफूसित राख्छ। तब उ वस्त्रविहीन हुने छैन अनि
उसमा मानिसहरूले नाङ्गोपना देख्दा लज्जास्पद हुनु पर्ने
छैन।"

१६त्यसपछि ती दुष्ट आत्माहरूले राजाहरूलाई त्यस
स्थानमा भेला गर्छन जसलाई हिब्रू भाषामा अर्मागेद्दोन
भनिन्छ।

१७सातौं स्वर्गदूतले आफ्नो कचौरा हावामा खन्यायो।
तब मन्दिरभित्र भएको सिँहासनबाट ठूलो आवाज आयो।
आवाजले भन्यो, "यो अब समाप्त भयो।" १८तब
बिजुली चम्कयो, हो हल्ला, गर्जन भयो अनि ठूलो

भूकम्प गयो। यो भूकम्प मानिसहरू पृथ्वीमा सृष्टि भए पछिको भयानक भूकम्प थियो। [१९]त्यो विशाल नगर तीन भागमा टुक्रियो। राष्ट्रहरूका नगरहरू नष्ट भए। अनि परमेश्वरले विशाल बेबिलोन नगरलाई दण्ड दिनु बिर्सनु भएन। उहाँले त्यस नगरलाई उहाँको अर्को भयानक प्रकोपको प्याला दिनु भयो। [२०]हरेक द्वीपहरू लुप्त भयो अनि त्यहाँ पर्वतहरू रहेनन्। [२१]ठूल ठूला असिना आकाशबाट मानिसहरू माथि झर्‍यो। यी असिनाहरू प्रत्येकको ओजन लगभग एकसय पाउण्ड थियो। मानिसहरूले परमेश्वरलाई यो असिनाबाट पाएको कष्टको कारणले सरापे। यो कष्ट एक भयानक कष्ट थियो।

### पशुमाथिकी स्त्री

**१७** सातवटा कपहरू हुने स्वर्गदूतहरू मध्ये एकजना आए अनि मलाई भने, "आऊ, म तिमीलाई त्यो दण्ड देखाउँछु जो त्यस महावेश्यालाई दिइनेछ। उ धेरै पानीमाथि बसेकी छे। [२]पृथ्वीका राजाहरूले उसित यौन पाप गरेका छन्। पृथ्वीका मानिसहरू उसको यौन-पापको दाखरस पिएर बेहोस भएका छन्।"

[३]तब त्यो स्वर्गदूतले मलाई बोकेर मरूभूमिमा आत्माको नजिक लगे। त्यहाँ मैले एउटी स्त्रीलाई रातो पशुमाथि बसेकी पाँए। त्यो पशु जुन परमेश्वरको वदनामी लेखिएका नामहरूले ढाकिएको थियो। त्यो पशुका सातवटा टाउँको अनि दशवटा सिङ्गहरू थिए। [४]त्यो स्त्रीले बैजनी अनि रातो रङ्गको बस्त्र पहिरेकी थिई। त्यो उसले लाएका सुन, रत्न अनि मोतीहरूमा चम्किरहेकी थिई। उसको हातमा एक सुनौलो प्याला थियो। त्यो प्याला भयानक वस्तुहरू अनि त्यस स्त्रीको अशुद्ध यौन पापले भरिएको थियो। [५]उसको निधारमा उपाधि लेखिएको थियो। त्यो उपाधिको गुप्ती अर्थ थियो। यो लेखिएको थियो:

**महान बेबिलोन**
**वेश्याहरू अनि पृथ्वीका**
**दुष्ट कुराहरूको जननी।**

[६]मैले देखें कि त्यस स्त्री मातेकी थिई। उसले परमेश्वरको पवित्र मानिसहरू अनि जसले येशूमा आफ्नो विश्वास बताएका थिए तिनीहरूको रगत पिएर मातेकी थिई। जब मैले त्यस स्त्रीलाई देखें, म पुरै आश्चर्य चकित भएँ। [७]तब त्यो स्वर्गदूतले मलाई भने, "तिमी किन आश्चर्य चकित भयौ? म तिमीलाई यस स्त्रीको अनि उ चढ़ेको पशुको जसको सातवटा टाउँको अनि दशवटा सिङ्ग छ गुप्ती अर्थ बताउने छु। [८]त्यो पशु जसलाई तिमीले देख्यौ, एक समयमा जीवित थियो। तर अहिले त्यो पशु जीवित छैन। तर त्यो पशु जीवित हुनेछ अनि अतल खाल्डोबाट निस्केर नष्ट हुनलाई जानेछ। पृथ्वीमा बस्ने मानिसहरू, आश्चर्य चकित हुनेछन्। जब तिनीहरूले त्यो पशु देख्छन् तिनीहरू आश्चर्य चकित हुनेछन् किनभने एक समयमा त्यो पशु जीवित थियो, अहिले जीवित छैन, तर त्यो फेरि आउनेछ। यी मानिसहरू ती हुन् जसका नाउँहरू संसारको सृष्टि भएदेखि जीवनको पुस्तकमा लेखिएका छैनन्।

[९]"यसलाई बुझ्नका निम्ति तिमीलाई ज्ञानपूर्ण हृदयको खाँचो छ। त्यो पशुमा भएका सात टाउकाहरू सातवटा पहाड़हरू हुन् जहाँ त्यो स्त्री बस्छे। तिनीहरू सात राजाहरू पनि हुन्। [१०]पाँच जना राजाहरू मरिसकेकाछन्। एकजना राजा अहिले जीवित छन्। अनि अन्तिम राजा आइरहेकाछन्। जब उनी आउँछन्, छोटो समय मात्र रहनेछन्। [११]त्यो पशु जो एक समयमा जीवित थियो, तर अहिले मरेको छ त्यो आठौं राजा हो। यो आठौं राजा पनि पहिलो सात राजाहरूका अनि उ नष्ट हुनको लागि जानेछ।

[१२]"तिमीले देखेका दशवटा सिङ्गहरू दश राजाहरू हुन्। यी दश राजाहरूले अहिलेसम्म राज्य पाएका छैनन्। तर तिनीहरूले एक घण्टाको निम्ति त्यो पशुसित शासन गर्ने अधिकार प्राप्त गर्नेछन्। [१३]यी सबै दश राजाहरूको एउटै उद्देश्य छ। अनि तिनीहरूले आफ्नो शक्ति अनि अधिकार त्यो पशुलाई दिनेछन्। [१४]तिनीहरूले भेँड़ाको पाठासित लड़ाईं गर्नेछन्। तर भेँड़ाको पाठाले तिनीहरूलाई परास्त गर्नेछ, किनभने उहाँ परमप्रभुका प्रभु अनि राजाहरूका राजा हुन्। उसले तिनीहरूलाई उसको चुनेका अनि बोलाएका विश्वासी चेलाहरूद्वारा परास्त गर्नेछन्।"

[१५]तब स्वर्गदूतले मलाई भने, "तिमीले त्यो वेश्या जहाँ बसेकी थिई त्यो पानी देख्यौ। त्यो पानी संसारका धेरै मानिसहरू, भिन्न भिन्न वंशहरू राष्ट्रहरू अनि भाषाहरू हुन्। [१६]त्यो पशु अनि दश सिङ्गेहरू जसलाई तिमीले देख्यौ, त्यो वेश्यालाई तिरस्कार गर्नेछन्। त्यो सित भएका हरेक चीज तिनीहरूले लिनेछन् अनि त्यसलाई नाङ्गो पारेर छाड़िदिने छन्। तिनीहरूले त्यसको

मासु खानेछन् अनि आगोले डढ़ाउनेछन्। १७परमेश्वरले
ती दश सिङ्गेलाई आफ्नो उद्देश्य पुरा गर्ने इच्छुक
बनाए। तिनीहरू शासन गर्न आफ्नो शक्ति त्यो पशुलाई
दिनु राजी भए। आफ्नो शक्ति प्रदान गर्न राजी भए।
परमेश्वरले भनेका कुराहरू पूर्ण हुञ्जेल सम्म तिनीहरूले
शासन गर्नेछन्। १८तिमीले देखेको त्यस स्त्री त्यो
महानगर हो जसले पृथ्वीका राजाहरूमाथि शासन गर्छे।"

### बेबिलोन ध्वंशभयो

१८ तब मैले स्वर्गबाट तल झर्दै गरेको अर्को
स्वर्गदूतलाई देखें। यो स्वर्गदूतको महा शक्ति
थियो। त्यस स्वर्गदूतको महिमाले पृथ्वी उज्यालो भयो।
२त्यो स्वर्गदूत जोड़ले करायो:

"उसको संहार भयो। बेबिलोन महानगर संहार
भयो! उ अशुद्ध आत्माको बासस्थान बनियो उ
हरेक दुषित आत्मा बस्ने स्थान बनियो। उ सबै
किसिमका अस्वच्छ पंक्षीहरू बस्ने नगर बनियो।
उ हरेक अस्वच्छ औ घृणित पशुहरूको नगर
बनियो।
३ पृथ्वीका समस्त राष्ट्रहरूले उसको व्यभिचारको
अनि परमेश्वरको प्रकोपको दाखरस पिएका
छन्। पृथ्वीका राजाहरूले उसित व्यभिचारीको
पाप गरेकाछन्। अनि संसारका व्यापारीहरू
उसको भोग विलासको सम्पत्तिबाट धनी बनेका
छन्।"

४त्यस पछि मैले स्वर्गबाट अर्को आवाजमा भन्दै गरेको
सुने:

"मेरा मानिसहरू, त्यस नगरबाट बाहिर निस्क
जसद्वारा तिमी उसको पापमा सहभागी हुनेछैनौ।
तब उ माथि थोपरिएको कुनै पनि कष्ट तिमीले
भोग्ने छैनौ।
५ त्यो नगरको पाप आकाश सम्म थाक लागेका
छ। त्यसले गरेका अपराध परमेश्वरले बिर्सनु
भएको छैन।
६ उसले जस्तो गरेकी थिई, ठीक त्यही गर,
यसले जति गरेको छ त्यसको दोब्बर उसलाई
देऊ। उसले अरूलाई जस्तो दाखरस तयार
पारेकी थिई, त्यो भन्दा दोब्बर शक्ति भएको
तयार पार।
७ त्यसले स्वयंलाई अधिक गौरव अनि वैभव
दिई। उसलाई त्यतिकै यातना अनि उदासीपन
देऊ। उ आफैले भन्छे, 'म सिंहासनमा बसेकी
रानी हुँ। म विधुवा होइन, मैले कहिल्यै दुःख
अनुभव गरिन।'
८ यसर्थ यी कष्टहरू ऊ माथि आउनेछन्: मृत्यु,
संतप्त, अनि अनिकाल। किनभने परमप्रभु परमेश्वर
शक्तिशाली छन् जसले न्याय गर्नेछन् यसर्थ
तिनलाई आगोले नष्ट गरिनेछ।

९"पृथ्वीका राजाहरू जसले उसित यौन-पाप गरे
अनि त्यसको सम्पत्तिमा सह-भोग गरे तिनीहरूले त्यो
बल्दै गरेको धुवाँ देख्नेछन्। तब ती राजाहरू रूने छन्
अनि उसको मृत्युमा अफसोस गर्ने छन्। १०ती राजाहरू
त्यसको यातनामा भयभीत हुनेछन अनि उदेखि टाढ़ै
रहनेछन्। ती राजाहरूले भन्नेछन्:

'हे! शक्तिशाली नगर बेबिलोन! दुःखै दुःख
होस तिमीलाई एक घण्टा भित्रैमा तिमीले
सजाय पायौ।'

११"पृथ्वीका व्यापारीहरू रूनेछन् अनि उसको निम्ति
अफसोस गर्ने छन्। तिनीहरू शोकित हुनेछन् अति
रूनेछन् किनभने त्यहाँ तिनीहरूको चीजहरू किन्नु कोही
आउने छैनन्। १२तिनीहरू सुन, चाँदी, रत्न, मोती,
मलमल बस्त्र, बैजनी बस्त्र, रेशम अनि रातो बस्त्र, सबै
किसिमका सुगन्धित काठ, अनि हात्तीको हात बहुमूल्य
काठ, काँसा, फलाम अनि सिङ्गमरमरले बनिएको सबै
प्रकारका चीजहरू बेच्छन्। १३ती व्यापारीहरू दालचिनी,
मसाला, धूप, सुगन्धित अत्तर, अति सुगन्धित धूप,
दाखरस, अनि भद्रासेको तेल, मैदा, गहुँ, गाई-बस्तु,
भेँड़ा, घोड़ा, रथ, कमारा अनि कठपुतली मानवहरू पनि
बेच्छन्। तिनीहरू विलाप गर्नेछन् अनि भन्नेछन्:

१४ 'हे बेबिलोन, तिम्रो इच्छाका आकर्षित बस्तुहरूले,
तिमीलाई त्यागे, तिम्रो विलासी औ बहुमूल्य
बस्तुहरू अल्पिए। तिमीले ती बस्तुहरू फेरि
कहिल्यै पाउने छैनौ।'

[15]"ती व्यापारीहरू त्यसको यातना देखि भयभित हुनेछन्
अनि त्यो देखि टाढ़ै रहनेछन्। यी मानिसहरू नै हुन् जो
यस्ता चीजहरू बेचेर धनवान भए। तिनीहरू रूनेछन्
अनि शोक गर्नेछन्। [16]तिनीहरूले भन्नेछन्:

'कष्ट! कष्ट महानगरलाई, उ मिहीन मलमल,
बैजनी, अनि रातो बस्त्रको पहिरनमा थिई। उ
सुन, रत्न अनि मोतीहरूद्वारा चम्किरहेको थिई!
[17] यी सबै वैभवहरू घण्टा भरमा ध्वंस भयो।'

"प्रत्येक जहाजको कप्तान, समस्त मानिसहरू जो
जहाजमा यात्रा गर्छन्, नाविकहरू अनि सम्पूर्ण मानिसहरू
जो समुद्रमा पैसा कमाउँछन्, बेबीलोन देखि टाढ़ै रहे।
[18]तिनीहरूले त्यो जलेको धुवाँ देखे। तिनीहरूले ठूलो
स्वरमा भने, "यो महान नगर जस्तो महानगर कुनै नगर
थिएन!" [19]तिनीहरूले आफ्ना शिरमा धूलो हाले।
तिनीहरूले विलाप गरे अनि अफसोस गरे। तिनीहरूले
ठूलो आवजमा भने:

'कष्ट! महानगरको निम्ति कति कष्ट! सबै
मानिसहरू जसका समुद्रमा जहाजहरू थिए,
उसको सम्पत्तिद्वारा धनवान भए। तर घण्टा
भरमा त्यसको ध्वंस भयो।
[20] हे स्वर्ग। उसलाई जे भयो, त्यसको निम्ति
खुसी होऊ खुसीबन, परमेश्वरका पवित्र मानिसहरू
प्रेरितहरू अनि अगमवक्ताहरू। किनभने
परमेश्वरले त्यसको व्यवहारको निम्ति दण्ड
दिएका छन्।'"

[21]त्यसपछि एक शक्तिवान स्वर्गदूतले एक विशाल
चट्टान टिपे। यो चट्टान जाँतो जत्रै ठूलो थियो। स्वर्गदूतले
त्यो चट्टान समुद्रमा हाने अनि भने:

"महानगर बेबिलोन यसरी नै फ्याँकिइने छ
अनि फेरि कहिल्यै पाइनेछैन।
[22] वीणा अनि अरू वाद्य यन्त्र जस्तै बाँसुरी अनि
तुरहीहरूबाट कहिल्यै मानव संगीत सुनिनेछैन्।
तेरोमा फेरि कुनै व्यवसायको कर्मी पाइने छैन।
तेरोमा कहिल्यै जाँतोको आवाज सुनिने छैन।
[23] तेरोमा बत्तिको ज्योति फेरि कहिल्यै चम्कने
छैन। वेहुला वेहुलीको स्वर तेरोमा सुनिने छैन।
तेरा व्यापारीहरू संसारका महामानवहरू थिए,
समस्त राष्ट्रहरू तेरो जादू-टुना मुनाले छलिएका
थिए।
[24] अगमवक्ताहरू अनि परमेश्वरका पवित्र मानिसहरू
अनि सबै मानिसहरू जो पृथ्वीमा मारिएकाछन्,
तिनीहरूको रगतको दोषी छ बेबिलोन।"

## स्वर्गमा मानिसहरू परमेश्वरको स्तुति गर्छन्

**१९** तब मैले स्वर्गमा धेरै मानिसहरूको बड़ी भीड़ले
गरेको गर्जन जस्तै आवाज सुनें। तिनीहरू भन्दै
थिए:

"हल्लेलूयाह! विजय, महिमा अनि शक्ति हाम्रा
परमेश्वरमा रहिरहून्।
[2] किनभने उहाँको न्याय सत्य अनि सही छ।
हाम्रा परमेश्वरले वेश्यालाई दण्डित तुल्याए। उ
नै हो जसले आफ्नो व्यभिचार द्वारा पृथ्वीलाई
भ्रष्ट पारी परमेश्वरले वेश्यालाई दण्ड दिए,
आफ्ना सेवकहरूको खुनको बदला लिए।"

[3]स्वर्गका मानिसहरूले यो पनि भने:
"हल्लेलूयाह! त्यो जल्दैछे अनि त्यसको धुवाँ
सदा-सर्वदा उँभो जान्छ।"

[4]त्यसपछि चौबीस अग्रजहरू अनि चार सजीव
बस्तुहरू निहुरिए अनि परमेश्वरको उपासना गरे। जो
सिँहासनमा बसिरहेका थिए यसो भन्दै:

"आमिन, हल्लेलूयाह!"

[5]त्यसपछि सिँहासनबाट एउटा आवाज आयो। आवाजले
भन्यो:
"तिमी सबै मानिसहरू जो उनको सेवा गर्छौ,
हाम्रा परमेश्वरको स्तुति गर। तिमीहरू सबै
साना ठूला मानिसहरू जसले उनको सम्मान
गर्छौ, हाम्रा परमेश्वरको स्तुति गर।"

[6]त्यसपछि मैले ठूलो भीड़ले गरेको आवाज जस्तै,
बाढ़ीको पानीको आवाज जस्तै ठूलो गर्जनको आवाज
जस्तै यसो भन्दै गरेको सुने:

"हल्लेलूयाह। हाम्रा परमप्रभु परमेश्वरले शासन
गर्नु हुन्छ। उनी महाशक्तिशाली छन्।
७ हामी खुशी मनाऔ अनि खुशी होऊ अनि
परमेश्वरलाई महिमा प्रदान गरौं! भेँड़ाको पाठाको
विवाहको समय यही हो। अनि भेँड़ाको पाठाकी
बधूले स्वयंलाई तयार पारेकी छ।
८ बधूको पहिरनको लागि उत्तम मलमल दिइएको
थियो। मलमल चम्किलो र सफा थियो।"

उत्तम मलमल को अर्थ परमेश्वरको मानिसहरूको सुकर्म।

[९]तब त्यस स्वर्गदूतले मलाई भने, "यो लेख: धन्य हुन ती मानिसहरू जसलाई भेड़ाको पाठाको विवाह-भोजमा निमंत्रण गरियो। तब त्यस स्वर्गदूतले भने, "यी परमेश्वरका सत्य वचन हुन्।"

[१०]म उसलाई आराधना गर्नका निम्ति स्वर्गदूतको पाउमा भूकें। तर स्वर्गदूतले मलाई भने, "मलाई आराधना नगर! म, तिमी अनि तिम्रो भाइहरू जस्तै सेवक हुँ जोसित येशूको सत्यता छ। यसर्थ परमेश्वरको आराधना गर किनभने अगमवाणीको आत्मा नै येशूको सत्यता हो।"

## सेतो घोड़ामा सवार

[११]तब मैले खोलिएको स्वर्ग देखें। मेरो सामुन्ने एउटा सेतो घोड़ा थियो। घोड़ सवारलाई विश्वासी अनि सत्य भनिन्छ। तिनी ठीक न्याय गर्छन अनि साँचो लडाई लड़ाउँछन्। [१२]तिनका आँखा बल्दो आगो जस्तो थियो। तिनका शिरमा अनेक मुकुटहरू छन्। तिनको नाम तिनीमाथि लेखिएको छ। तर तिनी मात्र एक जना छन् जसले त्यो नाउँ जान्दछन्। अन्य कुनै व्यक्तिले त्यो नाउँ जान्दैन। [१३]तिनले रगतमा डुबाएको पोशाक पहिरेका थिए। तिनको नाउँ परमेश्वरको वचन हो। [१४]स्वर्गका सेनाहरू तिनलाई पछ्याइ रहेका थिए। तिनीहरू सेता घोड़ामा सवार थिए। तिनीहरू सेतो अनि सफा चिल्लो मलमलका पहिरनमा थिए। [१५]घोड़सवारको मुखबाट एक धारिलो तरवार बाहिर निस्कन्छ। तिनले राष्ट्रहरूलाई परास्त गर्नका निम्ति यो तरवार प्रयोग गर्नेछन्। तिनले फलामे डण्डाले राष्ट्रहरूमाथि शासन गर्ने छन्। तिनले सर्वशक्तिमान परमप्रभुको भयानक प्रकोपको दाख-भट्टीमा अङ्गूर निचोर्ने छन्। [१६]तिनको पोशाक अनि तिनको फिलामा यो नाउँ लेखिएको थियो:

## राजाहरूका महाराजा अनि प्रभुहरूका महाप्रभु

[१७]त्यसपछि मैले सूर्यमा उभिएका एउटा स्वर्गदूतलाई देखें। त्यो स्वर्गदूतले ठूलो स्वरमा माथि आकाशमा उड़िरहेका सबै पक्षीहरूलाई भने, "परमेश्वरको महाभोजमा सम्मिलित हुनु एक साथ आऊ। [१८]राजाहरू, सेनाका सेनाध्यक्षहरू अनि प्रसिद्ध मानिसहरूको मासु खानु एक साथ आऊ। घोड़ाका अनि तिनका सवारहरूका अनि सबै मुक्त, दास, साना अनि ठूला मानिसहरूको मासु खानु एक साथ आऊ।"

[१९]त्यसपछि मैले त्यो पशु अनि पृथ्वीका राजाहरू देखें। तिनीहरूका सेनाहरू घोड़-सवार अनि तिनका सेनासित युद्ध गर्नका निम्ति एकसाथ एकत्र भएका थिए। [२०]तर त्यो पशुलाई कब्जा गरियो। भूटो अगमवक्तालाई पनि कैद गरियो। यो भूटो अगमवक्ता त्यो थियो जसले त्यो पशुको निम्ति चमत्कारिक संकेतहरू गरेको थियो। भूटो अगमवक्ता त्यो थियो जसले त्यो पशुको लागि चमत्कारिक संकेतहरू गर्थ्यो। असत्य अगमवक्ताले ती व्यक्तिहरूलाई जसमा पशुको चिन्ह लगाइको थियो अनि पशुका मूर्तिलाई पूजा गर्थे, छक्काउन चमत्कारिक कर्महरू गर्थ्यो। त्यो भूटो अगमवक्ता अनि पशुलाई गन्धक बल्ने आगोको कुवामा फ्याँकी दिए। [२१]तिनीहरूका सेनाहरू घोड़सवारको मुखबाट निस्केको तरवार द्वारा मारिए। सम्पूर्ण पक्षीहरूले पेट भरूञ्जेल ती शवहरू खाए।

## एकहजार वर्ष

२० मैले एक स्वर्गदूतलाई स्वर्गबाट ओर्लिरहेको देखें। त्यो स्वर्गदूतसित अतल खाड़लको चाबी थियो। त्यो स्वर्गदूतले आफ्नो हातमा एक बृहत सिक्री पनि समातेको थियो। [२]त्यो स्वर्गदूतले त्यो विशाल सर्पलाई अँठ्याए। त्यो विशाल सर्प दानव अथवा शैतान हो। त्यो स्वर्गदूतले त्यसलाई त्यो सिक्रीले एक हजार वर्षको निम्ति बाँधे। [३]त्यो स्वर्गदूतले त्यो सर्पलाई त्यो अतल खाल्डामा हालि दिए अनि त्यसलाई बन्द गरिदिए। त्यो स्वर्गदूतले सर्पलाई ताला लगाइ दिए ताकि एक हजार वर्ष सम्म राष्ट्रहरूलाई छल्न नसकोंस। एकहजार

वर्ष पछि केही समयको निम्ति त्यो सर्पलाई मुक्त पार्नु
पर्छ।
[४]तब मैले केही सिंहासनहरू जहाँ मानिसहरू बसेको
देखें। यी मानिसहरू तिनीहरू थिए जसलाई न्याय गर्ने
अधिकार प्रदान गरिएको थियो। अनि मैले ती मानिसहरूको
आत्मा देखें जसलाई मारिएको थियो, किनभने तिनीहरू
येशूको सत्यता अनि परमेश्वरको सन्देश प्रति विश्वासी
थिए। ती मानिसहरूले त्यो पशु अनि त्यसको मूर्त्तिको
उपासना गरेनन्। तिनीहरूले आफ्ना निधार वा आफ्ना
हातमा त्यो पशुको चिन्ह अङ्कित गरेनन्। ती मानिसहरू
फेरि जीवित भए अनि ख्रीष्टसंग एक हजार वर्ष सम्म
शासन गरे। [५]एक हजार बर्ष पुरा नहुञ्जेल सम्म अन्य
मानिसहरू फेरि जीवित भएनन्। यो मृत्यु पछि वौरिने
प्रथम पल्ट हो। [६]ती मानिसहरू जो पहिलो पुनर्जागरणको
सहभागी भए तिनीहरू धन्य अनि पवित्र हुन्। यी
मानिसहरूमाथि दोस्रो मृत्युको कुनै अधिकार छैन। ती
मानिसहरू परमेश्वर अनि ख्रीष्टको निम्ति पूजाहारीहरू
हुनेछन्। तिनीहरूले एक हजार वर्षको निम्ति शासन
गर्नेछन्।

### शैतानको पराजय

[७]जब एक हजार वर्ष पूर्ण हुन्छ शैतानलाई उसको
कैदबाट मुक्त गरिनेछ। [८]शैतान पृथ्वीका समस्त राष्ट्रहरू
गोग अनि मागोगलाई छल गर्न जानेछ। शैतानले
लड़ाँईको निम्ति मानिसहरू भेला गर्नेछ। त्यहाँ ठूल ठूलो
भीड़ लाग्नेछ अनि तिनीहरू समुद्र किनारको बालुवा सरी
अनगन्ति हुनेछन्। [९]शैतानको सेना पृथ्वी पारी गए अनि
परमेश्वरका मानिसहरूका शिविर अनि परमेश्वरको
प्यारो नगर वरिपरि एकत्रित भए। तर स्वर्गबाट आगो
आयो अनि शैतानको सेनालाई ध्वंश पार्‍यो। [१०]अनि
शैतान जसले मानिसहरूलाई छल गरिरहेको थियो,
जलिरहेको गन्धकको पोखरीमा हालिदियो जहाँ झूटो
अगमवक्ता अनि त्यो पशु अघि नै फ्याँकिएका थिए।
त्यहाँ दिन रात सदासर्वदा तिनीहरूलाई सजाय भोगाइनेछ।

### संसारको मानिसहरूको न्याय

[११]तब मैले एक विशाल सेतो सिंहासन देखें। मैले
एक उनीलाई देखें जो सिँहासनमा थिए। उनीदेखि पृथ्वी
अनि आकाश भागे अनि अल्पिए। [१२]अनि मैले ती
महान अनि साधारण मानिसहरू जो मरिसकेका थिए,
सिहाँसन अघि उभिएका देखें। अनि त्यो जीवनको
पुस्तक खोलियो। त्यहाँ अन्य पुस्तकहरू पनि खुल्ला
थिए। यी मरेका मानिसहरूलाई तिनीहरूले गरेका कर्महरूको
आधारमा जुन ती कितापहरूमा लेखिएको थिए न्याय
गरियो। [१३]समुद्रले ती मृत मानिसहरू दियो जो त्यसमा
थिए। मृत्यु अनि पातालले तिनीहरूसंग भएका मृत
मानिसहरू दिए। प्रत्येक व्यक्तिलाई उसले गरेका कर्मको
आधारमा न्याय गरियो। [१४]अनि मृत्यु एवं पाताललाई
अग्नि-कुण्डमा हालियो। यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो।
[१५]यदि कुनै व्यक्तिको नाउँ जीवनको पुस्तकमा लेखिएको
नभेट्टाइए त्यो व्यक्तिलाई अग्नि-कुण्डमा हालिन्थ्यो।

### नयाँ यरूशलेम

२१ तब मैले एउटा नयाँ स्वर्ग अनि नयाँ पृथ्वी
देखें। पहिलो स्वर्ग अनि पृथ्वी अदृष्य भयो।
अब त्यहाँ सागर थिएन। [२]अनि मैले पवित्र नगरलाई
स्वर्ग अनि परमेश्वर तलतिर झरिरहेको देखें। यो पवित्र
नगर नयाँ यरूशलेम हो। यसलाई आफ्नो पतिको निम्ति
सिंगारिएकी दुलही जस्तै बनाइएको थियो। [३]मैले सिँहासनबाट
आएको ठूलो आवाज सुनें। त्यो आवाजले भन्यो, "अब
परमेश्वरको भवन मानिसहरूसंग छ। उनी तिनीहरूसंग
रहेनछन्। तिनीहरू उनका मानिसहरू हुनेछन्। परमेश्वर
स्वयं तिनीहरूसित हुनेछन् अनि तिनीहरूका परमेश्वर
बन्नेछन्। [४]परमेश्वरले तिनीहरूको आखाँबाट जम्मै आँशु
पुछ्नेछन्। अब उसो त्यहाँ मृत्यु, शोक, रोदन वा पीडा
केही हुने छैन। सबै पुरानो वस्तुहरू बितेर गए।"
[५]उनी एक जो सिँहासनमा थिए तिनले भने, "हेर!
अहिले म हरेक कुरालाई नयाँ तुल्याउँदैछु। तब उनले
भने, "यसलाई लेख, किनभने यी वचनहरू विश्वास
योग्य अनि सत्य छन्।"
[६]उनी जो सिंहासनमा थिए तिनले मलाई भने, "यो
समाप्त भयो। म नै अल्फा अनि ओमेगा, आदि अनि
अन्त हुँ। म कुनै पनि व्यक्ति जो तिर्खाएको छ उसलाई
जीवन जल श्रोतबाटै मुक्त रूपले दिनेछु। [७]कुनै व्यक्ति,
जसले विजय प्राप्त गर्छ, यो सबै प्राप्त गर्नेछ। अनि म
उसको परमेश्वर हुनेछु। अनि उ मेरो छोरो हुनेछ। [८]तर
मानिसहरू जो कातर, अविश्वासी धृणाजनक कर्म गर्ने,
हत्यारा व्यभिचारी जादूवाला, मूर्तिपूजक अनि जम्मै
मिथ्यावादी छन् तिनीहरूले गन्धकको अग्नि कुण्डमा
ठाँउ पाँउछन्। यो दोस्रो मृत्यु हो।"

[९]सात स्वर्गदूतहरू मध्ये एकजना दूत मेरोमा आए। तिनी स्वर्गदूतहरू मध्येका एक हुन जसकोमा अन्तिम आखिरी कष्टहरूले भरिएका सात कचौराहरू थिए। ती स्वर्गदूतले भने, "मसित आऊ। म तिमीहरूलाई भेँड़ाको पाठाको बेहुली देखाँउछु जो भेड़ाको पाठाकी स्वास्नी हो।" [१०]ती स्वर्गदूतले मलाई आत्मामा बोकेर अत्यन्त विशाल अनि उच्च पर्वतमा लगे अनि पवित्र नगर, यरूशलेम देखाए। त्यो नगर परमेश्वरको स्वर्गबाट-तलतिर झरिरहेथ्यो। [११]यो परमेश्वरको महिमाले चम्किरहेथ्यो। यसको चमक वहुमूल्य रत्न यशब झैं उज्ज्वल थियो। [१२]त्यो नगरमा बाह्र ढोकाहरू सहित एक विशाल उच्च पर्खाल थियो जहाँ बाह्रजना स्वर्गदूतहरू थिए। प्रत्येक ढोकामा इस्राएलीहरूका बाह्र वंशहरू मध्ये एक वंश परिवारको नाउँ लेखिएको थियो। [१३]पूर्वपट्टि तीन ढोका, उत्तरपटि तीनवटा ढोका, दक्षिणपटि तीनवटा ढोका अनि पश्चिम पटि तीनवटा ढोकाहरू थिए। [१४]नगरका पर्खाल बाह्रवटा आधार शिला माथि निर्माण गरिएको थियो। शिलाहरूमा भेँड़ाको पाठाको बाह्र-प्रेरितहरूको नाउँ लेखिएको थियो।

[१५]त्यो स्वर्गदूत जसले मसित बात गरे, तिनको हातमा सुनको नाप्ने डण्डा थियो। त्यो स्वर्गदूतसित भएको डण्डा, त्यसको ढोका अनि पर्खालहरू नाप्नको लागि थियो। [१६]त्यो नगर एक वर्गाकार क्षेत्रमा निर्माण गरिएको थियो। त्यसको लम्बाई र चौड़ाइ बराबर थियो। स्वर्गदूतले त्यो डण्डाले नगरको नाप गरे। त्यो नगर बाह्र हजार स्टेडिया लामो, बाह्रहजार स्टेडिया चौड़ा अनि बाह्रहजार स्टेडिया अग्लो थियो। [१७]स्वर्गदूतले पर्खाललाई पनि नापे। त्यो एक सय चवालीस हात थियो। यो मानिसहरूको नपाई हो जो स्वर्गदूतले चलाए। [१८]पर्खाल यशबले बनाइएको थियो। त्यो नगर शुद्ध काँच जस्तो शुद्ध सुनले निर्माण भएको थियो। [१९]त्यो नगरको पर्खालका आधार शिलामा हरेक किसिमका मूल्यवान मोतीहरू थिए। पहिलो आधार शिला यशब, दोस्रो नीलम, [२०]तेस्रो स्फटिक, चौथो पन्ना, पाँचौ गोमेद, छैटौं मानक, सातौं पीतमणि, आठौं पिरोजा, नवौं पोखराज, दशौ लहसूने, एघारौं धुम्रकान्त अनि बाह्रौं चन्द्रकान्त रत्नहरू थिए। [२१]बाह्र ढोकाहरू बाह्र मोतीहरू थिए। प्रत्येक ढोका एक एक मोतिद्बारा निर्माण गरिएको थियो। नगरको गल्ली सफा कांच झैँ शुद्ध सुनको बनाइएको थियो। त्यो सुन काँच जस्तै स्वच्छ थियो।

[२२]मैले नगरमा मन्दिर देखिन। सर्व-शक्तिमान परमप्रभु परमेश्वर अनि भेड़ाँको पाठा नगरको मन्दिर थियो। [२३]नगरलाई उज्यालो पार्न सूर्य अनि चन्द्रमा चाहिँदैन्थ्यो किनभने परमेश्वरको महिमाले त्यो नगरलाई प्रकाश दिन्छ अनि भेँड़ाको पाठा नगरको बत्ती हो। [२४]संसारका राष्ट्रहरू नगरको प्रकाशमा हिँड़ने छन्। पृथ्वीका राजाहरूले आफ्ना गौरव त्यो नगरमा ल्याउने छन्। [२५]नगरका ढोकाहरू कुनै दिन, बन्द रहेन, किनभने त्यहाँ रात छैन। [२६]राष्ट्रहरूका महानता अनि सम्पति त्यो नगरमा ल्याइनेछ। [२७]नगरमा अस्वच्छ वस्तुहरू कोही पस्न पाउने छैन। कुनै पनि व्यक्ति जो लज्जाजनक कुराहरू गर्छ वा झूटो बोल्छ यो नगरमा कहिल्यै प्रवेश गर्ने छैन। केवल ती मानिसहरू, जसका नाउँ भेँड़ाका पाठाको पुस्तकमा लेखिएको छ, नगरमा प्रवेश गर्नेछन्।

**२२** तब त्यो स्वर्गदूतले मलाई जीवन-जलको नदी देखाए। नदी स्फटिक जस्तो चम्किलो थियो। त्यो नदी परमेश्वर अनि भेँड़ाको पाठाको सिँहासनबाट बगिरेहको थियो। [२]त्यो नगरको गल्लीको माझबाट बगिरहेकोथ्यो। जीवन वृक्ष वर्षेनी बाह्र वटा फल फल्दै नदीको एकापट्टि थियो। प्रत्येक महिना यसमा फल फल्छ। वृक्षका पातहरू मानिसहरूको विमार निको पार्नुलाई थिए। [३]परमेश्वरको सराप परेको कुनै वस्तुले त्यो नगरमा स्थान पाउने छैन। परमेश्वर अनि भेड़ाको पाठाको सिंहासन नगरमा रहने छ। परमेश्वरका सेवकहरूले उहाँलाई आराधना गर्नेछन्। [४]तिनीहरूले उनको चेहेरा देख्नेछन्। परमेश्वरको नाउँ तिनीहरूको निधारमा हुनेछ। [५]त्यहाँ फेरि रात पर्ने छैन। मानिसहरूलाई सूर्यको प्रकाशको आवश्यकता पर्ने छैन। परमप्रभु परमेश्वरले तिनीहरूलाई प्रकाश दिनेछन्। अनि तिनीहरूले सदासर्वदा राजाहरूले जस्तै शासन गर्नेछन्। [६]त्यो स्वर्गदूतले मलाई भने, "यी वचनहरू विश्वासनीय अनि सत्य हुन्। परमप्रभु अगमवक्ताहरूको आत्माहरूका परमेश्वर हुन। परमेश्वरले आफ्ना सेवकहरूलाई ती कुराहरू, जो चाँड़ै हुनु पर्नेछ, देखाउन स्वर्गदूतलाई पठाए।।"

[७]"सुन! म चाँड़ै आउँदैछु। त्यो व्यक्ति, जसले यस पुस्तकका अगमवाणीका शब्दहरू पालन गर्छ, धन्य हुन।"

[८]म यूहन्ना हुँ। म नै त्यो हुँ जसले यी कुराहरू सुन्यो अनि देख्यो। यी कुराहरू सुने अनि देखे पछि, त्यो स्वर्गदूतले मलाई यी कुराहरू देखाए, म उनको

पाउ सामुन्ने उनलाई उपासना गर्न भूकेँ। ९तर त्यस
स्वर्गदूतले मलाई भने, “मेरो उपासना नगर। तिमी अनि
तिम्रो भाइ अगमवक्ताहरू छन् त्यस्तै म एक सेवक हुँ।
म जम्मै अरू मानिसहरू जस्तो हुँ जसले यो पुस्तकमा
भएको शिक्षाको पालन गर्छ। तिमीले परमेश्वरको उपासना
गर्नु पर्छ!” १०तब स्वर्गदूतले मलाई भने, “यस पुस्तकको
अगमवाणीका वचनहरूलाई गुप्त राख्नु हुँदैन। यी
कुराहरू पुरा हुनलाई समय आई सकेको छ। ११त्यो
व्यक्तिलाई, जसले नराम्रो गर्दैछ, गर्न देऊ। व्यक्ति जो
अस्वच्छ छ उसलाई अस्वच्छ रहन देऊ। व्यक्ति जसले
सही कुरा गर्दैछ गर्न देऊ। व्यक्ति जो पवित्र छ, पवित्र
रहन देऊ।”

१२“सुन! म चाँड़ै आउँदैछु। मसित पुरस्कारहरू
ल्याउने छु। प्रत्येक व्यक्तिले जे गरेको छ त्यसको मुल्य
चुकाउनेछु। १३मनै अल्फा अनि ओमेगा हुँ, प्रथम अनि
अन्तिम हुँ, प्रारम्भ अनि शेष हुँ।

१४“ती मानिसहरू धन्य हुने छन् जसले आफ्ना
वस्त्रहरू सफा धुन्छन्। जीवन बृक्षबाट फल खाने
अधिकार तिनीहरूले पाउने छन। तिनीहरू नगरका ती
ढोकाहरूबाट पस्छन्। १५नगर बाहिर कुकुरहरू,
जादूवालाहरू यौन-पापीहरू, हत्याराहरू, मूर्त्ति पूजकहरू
अनि असत्य मन पराउने अनि असत्य बोल्ने मानिसहरू
छन्। १६“मैले मण्डलीहरूको निम्ति यी कुराहरू तिमीलाई
भन्न मेरो स्वर्गदूत पठाँए। म दाऊद परिवारको सन्तान
हुँ। म चम्किलो प्रात: तारा हुँ।”

१७आत्मा अनि वेहुलीले भन्छन्, “आऊ!” हरेक
श्रोता “आऊ” भन्नु पर्छ। यदि व्यक्ति तृषित छ भने
उसलाई आउन देऊ, कसैले पनि चाहान्छ भने जीवन-जल
स्वतन्त्र रूपले लिन देऊ।

१८म हरेक व्यक्तिलाई चेतावनी दिन्छु जसले यो
पुस्तकमा भएका अगमवाणीका वचनहरू सुन्छ: यदि
कुनै व्यक्तिले यी वचनहरूमा कुनै पनि कुरा थप्छ, तब
परमेश्वरले त्यस व्यक्तिलाई यस पुस्तकमा लेखिएको
कष्टहरू दिनु हुनेछ। १९अनि यदि कुनै व्यक्तिले यो
पुस्तकको अगमवाणीका वचनहरू हटाउँछ, तब परमेश्वरले
जीवनको बृक्ष अनि पवित्र नगरको, जसको बारेमा यस
पुस्तकमा लेखिएको छ, त्यस व्यक्तिको अंश हटाइ दिनु
हुनेछ।

२०येशू नै उनी एक हुन जसले भन्छन् कि यी
कुराहरू सत्य हुन्। अहिले उनले भन्छन्, “हो, म चाँड़ै
आउँदैछु।”

आमिन। प्रभु येशू! आउनु हवस्।

२१प्रभु येशूको अनुग्रह समस्त मानिसहरू साथ
रहोस्। आमिन।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**
- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from: http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from: http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html